मजदुर
The Worker Daily दैनिक
○ ग्राहक बन्नु परेमा
○ नवीकरण गर्नु परेमा
○ पत्रिका नियमित नआएमा
○ वितरकहरुसँग नगदी रसिद
बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २७ ★ अङ्क : ३३० ★ ने. सं. ११४६ थिंला गा, चतुर्दशी ★ बिहीबार ★ ३ पुस, २०८२ ★ December 18, 2025, Thursday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८

# जनप्रतिनिधि र कर्मचारीहरू नगर र नगरवासीको सेवामा समर्पित भई जिम्मेवारी पूरा गर्नुपर्ने




भक्तपुर, २ पुस । नेपाल मजदुर किसान पार्टीका सचिव प्रेम सुवालको प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाको ७६ औं स्थापना दिवसको अवसरमा नगरपालिकाको आयोजनामा मङ्सिर २० गते सम्पन्न योमारी प्रतियोगिताका विजयीहरूलाई पुरस्कार र सहभागीहरूलाई प्रमाण-पत्र वितरण तथा सहयोगीहरूलाई धन्यवाद ज्ञापन कार्यक्रम एक समारोहबिच सम्पन्न भयो ।

कार्यक्रममा अतिथि सुवालले जनप्रतिनिधि र कर्मचारीहरू नगर र नगरवासीको सेवामा थप समर्पित भएर आ आफ्नो जिम्मेवारी पूरा गर्नु नै आजको स्थापना दिवसको औचित्य पुष्टि हुने बताउनुभयो ।

रूसको निर्वाचन पर्यवेक्षणमा पुगेका एक सरकारी अधिकारीले त्यहाँको नगरपालिका, गाउँपालिका र वडा कार्यालयको काम हिउँ सफा गर्ने भएको, हवाईजहाज ओराल्न मिल्ने चौडा-चौडा सडक भएको र विकासमा नेपाल रूसभन्दा ५०० वर्ष पछाडि परेको अनुभव सुनाउनुभएको उहाँले बताउनुभयो ।

सचिव सुवालले भन्नुभयो, “अहिले घर-घरमा खानेपानी ट्याङ्कीको व्यवस्था छ तर ती ट्याङ्की सफा गर्ने प्राविधिकहरूको अभाव देखिन्छ । खानेपानी ट्याङ्की सफा नभए पानीजन्य रोग बढ्नेछ । यतातिर पनि नगरपालिकको ध्यान जानु जरूरी छ ।”

“विद्यालय र कलेजको सङ्ख्या बढी भएको नगरकोट सडकमा बढ्दो सवारी साधनको कारण दुर्घटना हुने खतरा बढ्दो छ । विद्यार्थीको चाप नगरकोट सडकमा नपर्ने गरी वैकल्पिक सडकको व्यवस्था हुनुपर्नेबारे हामीले संसद्मा पटक-पटक उठाएका थियौँ । हनुमन्ते र खासाङखुसुङ खोलाको दुबैतिर सडक विस्तार गरे सवारी साधनको चाप कम हुनेछ र दुर्घटना हुने खतरा पनि कम हुनेछ, उहाँले थप्नुभयो ।

सचिव सुवालले भन्नुभयो, “संस्कृतिभित्र मानिसको बोली व्यवहार, भेषभूषा, लवाइखवाइ, सरसफाइ आदि पर्दछन् ।”

सचिव सुवालले भन्नुभयो, “नगरपालिकाले जनताको सबै समस्या समाधान गर्न जनतासँग छलफल गरी अगाडि बढिरहेको सकारात्मक हो । जनताको गुनासो समयमै सम्बोधन गर्न छलफल महत्त्वपूर्ण हुनेछ । स्थानीय तहलाई आवश्यक कर्मचारी स्थानीय तहमै कर्मचारी पदपूर्ति समितिको व्यवस्था हुनुपर्दछ । यसबारे संसदीय समितिमा हामीले संशोधन पनि राखेका थियौँ । त्यसबेला एक सरकारी अधिकारीले स्थानीय तहका प्रमुख र अध्यक्षले आफ्ना परिवारजन र नातेदार नियुक्ति गर्ने आरोप लगाए । यसको हामीले खण्डन गरेका थियौँ । लोक

बाँकी पृष्ठ ८ मा

# शासक दलका नेताहरूमा दम्भ कहिलेसम्म ?

काठमाडौं, २ पुस । भदौ २३ र २४ गते भएको युवा पुस्ताको आन्दोलनले नेका र एमालेको संयुक्त सरकार तासको घरझैँ ढल्यो । त्यस क्रममा ७६ जना नागरिकले ज्यान गुमाए, खरबौँ रुपैयाँको सम्पत्तिको क्षति भयो । तीन महिना बितिसक्दा पनि त्यसको जिम्मेवारी लिने अहिलेसम्म कोही देखिएका छैनन् । तत्कालीन सरकारको नेतृत्व गर्ने एमाले अध्यक्ष केपी ओलीमा बाल बच्चाहरू मारिएको र देशका महत्त्वपूर्ण सम्पदाहरूमा क्षति भएकोमा कुनै गल्तीबोधको अनुभूतिसमेत देखिँदैन ।

ओलीले समयमै प्रधानमन्त्री पदबाट राजीनामा नगरेकै कारण भदौ २४ गते देशका कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकालगायत सयौँ सरकारी सम्पत्ति खरानी भएको हो । ‘पदमा बस्नेहरूले जिम्मेवारी पूरा नगरेमा देश ध्वस्त हुन्छ’ – का. रोहित भन्नुहुन्छ । आज मुख्य मुख्य पदमा बसेका नेता, प्रशासकहरूले जिम्मेवारी बहन नगर्नुको परिणाम दुई दिनमै देशका महत्त्वपूर्ण सम्पदाहरू खरानी भएको हेर्नुपर्‍यो । सामान्यतया ठूल्ठूला घटनाहरू हुँदा पदमा बस्नेहरूले नैतिक जिम्मेवारी लिने गरिन्छ । ‘नाङ्गा नाचे हजार दाउ’ का ठेकेदारहरूको लागि नैतिकताले कुनै अर्थ राख्दैन । अनैतिक, अविवेकी र घमण्डले भरिएका एमालेका नेताहरू त्यो जिम्मेवारी नलिने मात्र होइन युवाहरूको आन्दोलनलाई नै अपमान गरिरहेका छन् । आफैले सिफारिस गरेर बनाएको सुशीला कार्की नेतृत्वको सरकारलाई केपी ओलीले असंवैधानिक दाबी गर्दै छन् ।

मङ्सिर २७ गते सुरु भएको एमालेको ११ औँ महाधिवेशनको उद्घाटन कार्यक्रममा बोल्दै अध्यक्ष ओलीले भने, “अनधिकृत सिफारिसमा प्रतिनिधिसभा विघटन गरिनु असंवैधानिक छ, गलत छ ।” यो सरकार संविधानबमोजिम बनेको होइन । तत्कालीन असहज परिस्थितिको परिणाम हो । यो परिस्थिति निर्माण हुनुमा पनि संसदीय परम्पराविपरीत संसद्को सबभन्दा ठुलो दल र दोस्रो दल मिलेर सरकार चलाउने नेका र एमाले नै मुख्य रूपमा जिम्मेवार छन् ।

आन्दोलन वा सङ्घर्ष संविधानभित्र बसेर गरिने विषय होइन । युवा पुस्ताले गरेको आन्दोलनको माग सरकार परिवर्तन र संविधान संशोधन पनि थिएन । त्यो उनीहरूका नेतृत्वकर्ताहरूले नै सार्वजनिक रूपमा भनिसकेका छन् । तर, सरकारले निर्ममतापूर्वक शान्तिपूर्ण आन्दोलनमा आएकाहरूलाई गोली हानी हत्या गरेपछिको परिणाम नेताहरू हेलिकोप्टरमा चढेर भाग्नुपर्ने, घरमै कुटिनुपर्ने र घरमा आगजनीको परिस्थिति निर्माण भएको हो । जोसुकैले जुनसुकै उद्देश्यले गरे गराएको भए पनि घटना त सत्य हो ।

त्यतिबेला भएको जनधनको क्षतिसम्बन्धी अध्ययन गरी आवश्यक कारबाही गर्न गठित गौरीबहादुर कार्की नेतृत्वको आयोगमा ओलीले बयान दिन नजाने अडान लिँदै आएका छन् । ‘काम चलाउ प्रधानमन्त्रीको नाताले मैले संवैधानिक निकासको बाटो देखाएको थिएँ । संविधानको बाटो छोडेर बाहिरबाट सरकार गठन गरियो’–महाधिवेशनमा ओलीले भने । उनी आफैले सेनाको सुरक्षा घेराबाट बाहिर आएपछि भनेका थिए, ‘५ मिनेट ढिलो भएको भए म त्यही मारिने थिएँ ।’ त्यतिबेलाको परिस्थिति कस्तो थियो ओलीकै उक्त भनाइले पुष्टि गर्छ ।

विगतमा विभिन्न राजनैतिक दलहरूले पनि विभिन्न चरणमा आन्दोलन गर्दै आएका थिए । आन्दोलनपछि सहमतिमा अन्तरिम सरकार गठन हुने र त्यसले आन्दोलनको भावनाअनुसार काम गर्ने गरेका थिए । २०४६ सालको

बाँकी पृष्ठ २ मा


# कैलालीमा प्रशिक्षण

कैलाली, २ पुस । नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ लम्किचुहा न.पा. वडा नं.५ तिलकपुर एकाइ समितिको आयोजनामा नेक्राविसङ्घको स्थापना दिवसको अवसरमा बुधबार प्रशिक्षण कार्यक्रम भयो ।

कार्यक्रममा नेमकिपा कैलाली संयोजक रमेशकुमार रावलले समाजमा वर्गमा विभाजित भएसम्म वर्गसङ्घर्ष चालु रहने बताउनुभयो ।

समाजवाद र पुँजीवादबिचको फरकबारे जनतालाई सचेत गर्नु अहिलेको आवश्यकता भएको उहाँले बताउनुभयो ।

## व्यङ्ग्यचित्रको कुनो







चिसो मौसममा हुने स्वास्थ्य समस्याबाट बचौं।

जाडो तथा चिसोको समयमा:

❖मौसमी रुघाखोकी, भाईरल ज्वरो, छातीको समस्या, दम, निमोनिया, झाडापखला, छाला सुख्खा हुने, जोर्नी दुखाई, पिनास, टन्सिल, हृदयघात लगायतका स्वास्थ्य समस्या देखा पर्न सक्छन्।

❖बालबालिका, बृद्धबृद्धा तथा दीर्घरोगीहरु बढी प्रभावित हुन सक्छन्।

❖चिसो मौसममा बाक्लो र न्यानो कपडा लगाऔं।

❖तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं र खुवाऔं।

❖शारीरिक व्यायाम गरौं, धुम्रपान/मद्यपान नगरौं।

❖घर तथा कोठा न्यानो बनाऔं।

❖नियमित घाम ताप्ने गरौं।

स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



**सालासुङ्गी हाइड्रो पावर**
समुद्री सतहदेखि तीन हजार ३९१ मिटरको उचाइमा रसुवाको उत्तरी भेगमा अवस्थित सालासुङ्गी हाइड्रो पावर । *तस्बिरः ज्ञानेन्द्र न्यौपाने/रासस*

# राजनीतिक दल र उम्मेदवारले १० वटा मात्रै झन्डा प्रयोग गर्न सक्ने

काठमाडौँ, २ पुस । निर्वाचन आयोगले चुनाव प्रचारप्रसारका क्रममा धेरै झण्डाको प्रयोग नहोस् भन्ने उद्देश्यले नयाँ व्यवस्था प्रस्ताव गरेको छ । आयोगले आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि प्रस्ताव गरेको प्रस्तावित आचारसंहितामा झण्डा प्रयोगका सम्बन्धमा नयाँ व्यवस्था गरेको हो ।

आयोगका अनुसार कुनै पनि राजनीतिक दलले आयोजना गर्ने आमसभा, जुलुस कोणसभा वा घरदैलो जस्ता कार्यक्रममा १० वटा मात्रै झण्डाको प्रयोग गर्न सक्ने छन् । दलको झण्डा आवश्यकताभन्दा बढी प्रयोग गरेर दुरूपयोग नहोस् भन्ने मनसायका साथ आयोगले त्यस्तो प्रबन्धको प्रस्ताव गरेको हो ।

आयोगले उम्मेदवार वा दलको कार्यालयमा साइनबोर्ड तथा कपडामा बनाई तीन×चार फिटको दलको झण्डा र सोही नापको चुनाव चिन्ह राख्न बाहेक दलको प्रचारप्रसार गर्ने उद्देश्यले कुनै पनि प्रकारको डिजिटल बोर्ड, फ्लेक्स वा ग्लुसाइन बोर्ड राख्न, श्रव्य सामग्री बजाउन र श्रव्यदृश्य सामग्री प्रदर्शन गर्न नहुने उल्लेख गरेको छ ।

प्रस्तावित आचारसंहितामा १० वटा झण्डा र चुनाव चिन्ह प्रयोग गर्न तथा राजनीतिक दल तथा उम्मेदवारको नाम र चिन्ह भएको एउटामात्रै तुल वा फ्लेक्स राख्न पाइने प्रस्ताव गरिएको छ । यसैगरी निर्वाचन प्रचारका लागि घरदैलोमा जाँदा उम्मेदवार, प्रस्तावक, समकर्थकसहित २५ जनाभन्दा बढीको जुलुस प्रदर्शन गर्न पाइने छैन । चुनाव प्रचारका क्रममा जाँदा बाजागाजा तथा झाँकीसहित जान नहुने व्यवस्था गर्न लागिएको छ ।

अनलाइन, वेवपेज, टिभी, स्क्रोलिङ, सपिङ मलमा डिस्प्ले, कल सेन्टर सञ्चालन, बैङ्कका एटिएम, काउन्टरमा सन्देश वा सडक नाटक आदि माध्यमबाट दलको वा उम्मेदवारबारेमा कुनै पनि प्रचारप्रसार गराउन पाइने छैन । तर, राजनीतिक दल वा उम्मेदवारले बढीमा एउटा निजी र आधिकारिक वेवपेजमा त्यस्तो प्रचार सामग्री राख्न भने बाधा पर्ने छैन ।

दलको झण्डाको वा दल एवम् उम्मेदवारको चुनाव चिन्हको तोरण बनाई सार्वजनिक प्रदर्शन गर्न वा गराउन पाइनेछैन । कुनै पनि प्रकारको भित्तेलेखन गर्न वा गराउन, चारपाङ्ग्रे गाडी, मोटरसाइकल, साइकल, बयलगाडा, रिक्सा, टाँगा, ठेलागाडालगायतका कुनै प्रकारका सवारी साधन प्रयोग गरी र्‍याली आयोजना गर्न वा प्रचारप्रसार गर्न नहुने गरी आचारसंहिताको प्रस्ताव गरिएको छ । आयोगले निर्वाचनलाई स्वच्छ, शान्त र मर्यादित बनाउने गरी आचारसंहिताको प्रस्ताव गरिएको जनाएको छ । ***(रासस)***

# जापानिज 'इन्सेफ्लाइटिस' बाट पाँच महिनामा छ जनाको मृत्यु

चितवन, २ पुस । जिल्लाका विभिन्न अस्पतालमा उपचार गर्न आएका जापानिज इन्सेफ्लाइटिस सङ्क्रमितमध्ये छ जनाको मृत्यु छ । गत साउनयता अस्पताल आएका १७ जना सङ्क्रमितमध्ये छ जनाको मृत्यु भएको हो ।

जनस्वास्थ्य कार्यालयका प्रमुख निर्मल घिमिरेका अनुसार मृत्यु हुनेमा दुई जना भरतपुर महानगरपालिका, एक जना खैरहनी नगरपालिका, दुई जना राप्ती नगरपालिका र एक जना कालिका नगरपालिकाका रहेका छन् । उनीहरूमध्ये एक जना ८९, एक जना ८१, दुई जना ७०, एक जना ४२, एक जना ३९ वर्षका रहेका छन् ।

सङ्क्रमितमध्ये १० जना महिला हुन भने सात जना पुरुष रहेका छन् । उनीहरूमध्ये तीन जना १५ वर्षमुनिका, पाँच जना १५ देखि ६० वर्षभित्रका र नौ जना ६० वर्षमाथिका रहेका छन् । सङ्क्रमितमध्ये १५ जनाले खोप नलगाएको र दुई जनाले खोप लगाए-नलगाएकोबारे स्पष्ट नरहेको उहाँले जानकारी दिनुभयो । सङ्क्रमितमध्ये सात जना भरतपुर महानगरपालिकाभित्रका रहेका छन् ।

यस्तै खैरहनी नगरपालिकाका चार जना, माडी नगरपालिकाका एक जना, रत्ननगर नगरपालिकाका एक जना, राप्ती नगरपालिकाका दुई जना, कालिका नगरपालिकाका दुई जना रहेका छन् ।

यो रोग क्युलेक्स जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने कीटजन्य सरुवा रोग हो । यो लामखुट्टे घर बाहिर बस्न रुचाउने, घर बाहिरनै टोक्ने, साँझ र बिहान बढी सक्रिय हुने गर्दछ । यो लामखुट्टेले सङ्क्रमित सुँगुर, बङ्गुर, हाँसजस्ता पशुपन्छीलाई टोक्यो भने सर्दछ । धानखेतीमा समेत यस लामखुट्टेले अण्डा पारेर लार्भा बनाउने गर्दछ । ***(रासस)***

**शासक...**

आन्दोलन पञ्चायती संविधानभित्र बसेर गरेको थिएन । त्यतिबेला बनेको सरकार सहमतिको सरकार थियो । तत्कालीन एमाले नेताहरू झलनाथ खनाल, राधाकृष्ण मैनाली मन्त्री भएका थिए । त्यतिबेलाको सरकारलाई असंवैधानिक भनिएन । त्यो पनि संविधानभित्रबाट बनेको थिएन । पञ्चायती संविधान जीवितै थियो । २०६२।६३ को आन्दोलनपछि जङ्गलमा बसेका माओवादीहरूलाई एमालेसहितको सहमतिमा संसद्मा ८३ सीट दिएर सरकारमा पुर्‍याइयो । त्यो कुन संविधानअनुसार थियो ? सरकार र आन्दोलनकारीहरूको बिचमा भएको सहमतिको आधारमा ती सबै कार्य भएको थियो । २०४७ को संविधानको धाराको आधारमा माओवादीलाई सरकार र संसद्मा ल्याएको थिएन ।

सुशीला कार्की पूर्वप्रधानन्यायाधीश हुन्, उनी संसद्का सदस्य पनि थिएनन् । संविधानभित्र बसेर कुनै हालतमा त्यो सरकार बन्ने सम्भावना पनि थिएन । मुलुकलाई थप क्षति हुनबाट रोक्न त्यो अप्रिय कदम चाल्नुपरेको यथार्थ सबैलाई बोध भएकै विषय हो । वर्तमान सरकार आन्दोलनको रापतापमा बनेको भन्ने कुरा घामजत्तिकै प्रस्ट छ । एमालेले आफ्नै सिफारिसमा गठन भएको सरकार र संसद् विघटनलाई असंवैधानिक दाबी गर्नु भनेको मुलुकमा निर्वाचन हुन नदिने र मुलुकलाई अनन्तकालसम्म अस्थिरतामा धकेलेर देशकै अस्तित्व सङ्कटमा पार्ने चाल हुन सक्छ ।

एमालेले सुशीला कार्की सरकारलाई स्वीकार नगर्ने, उनले बनाएको आयोगलाई नमान्ने हो भने कार्की सरकारले फागुन २१ गते घोषणा गरेको निर्वाचनमा भाग लिन निर्वाचन आयोगमा एमाले पार्टी दर्ता गर्ने एमालेको यो दोहोरो मापदण्ड हो । कार्की सरकार असंवैधानिक थियो भने प्रधानमन्त्रीले बोलाएको सर्वदलीय बैठक र अन्य बैठकहरूमा एमाले नेताहरू किन पुगे ? यसको पनि जनतालाई उचित जवाफ एमाले नेतृत्वले दिनुपर्ने हुन्छ ।

देशको राजनैतिक परिवर्तनमा अन्य पार्टीहरू र नेताहरूको जस्तै एमाले र त्यसका नेताहरूले पनि आ-आफ्नो तर्फबाट योगदान गरेकै थिए । तर, त्यसको अर्थ एमाले र शासक दलहरूले जे गर्दा पनि संवैधानिक हुने, जे बोल्दा पनि सत्य हुन्छ भन्ने होइन । यो भोलि आउने सरकारलाई पनि कसैले त्यसरी नै भन्यो भने के हुन्छ ?

यस्तै दम्भकै कारण देशले अत्यन्त छोटो अवधिमा अकल्पनीय क्षति व्यहोर्नुपरेको हो । नेताहरूको जीवन सेनाले रक्षा गर्नुपर्ने अवस्था आउँदा पनि नचेत्नेहरूले कसरी देश बनाउँछन् भनेर विश्वास गर्ने ?

पटक-पटक प्रधानमन्त्री भएका केपी ओलीले देशको राजस्व खर्च गरेर बनाइएका धरहरा, भ्यु टावर, पुल, रानीपोखरीजस्ता संरचनाहरू सबै आफैले बनाएको दाबी गर्ने गर्छन् तर आफ्नो कार्यकालमा गोलीबाट कलिला बालबालिकाको हत्या भएकोमा भने जिम्मेवारी लिन नपर्ने यो कस्तो नैतिकता हो ओली कामरेडको ? 'घमण्डी र अहङ्कारी मानिसहरूको पतन हुनु अवश्यम्भावी छ' भनेझैँ ओलीको दम्भकै कारण देशले ठुलो क्षति भोग्नुपर्‍यो । अझै उनको दम्भमा कुनै कमी आएको छैन । आखिर शासक दलका नेताहरूमा यस्ता दम्भ कहिलेसम्म हुन्छ ?

# उच्छृङ्खल गतिविधि गर्नेलाई कानुनबमोजिम कारबाही हुन्छ : राष्ट्र बैङ्क

काठमाडौँ, २ पुस । पछिल्ला दिनमा भएका बैङ्क तथा वित्तीय संस्था लक्षित घटनाका सम्बन्धमा नेपाल राष्ट्र बैङ्कले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

सरकार, केन्द्रीय बैङ्क र बैङ्क तथा वित्तीय संस्थासमेतको संयुक्त प्रयासअनुरूप सबै स्थानीय तहमा बैङ्क तथा वित्तीय संस्थाको उपस्थिति पुगेको कारण स्थानीयस्तरमा नै सर्वसाधारणसँग रहेको रकम निक्षेप राख्न, कर्जा लिन, विप्रेषण तथा सामाजिक सुरक्षा रकमलगायतका वित्तीय सेवा प्राप्त गर्न सहज स्मरण गराएको छ ।

"बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ र यस बैङ्कको निर्देशनको अधिनमा रही कर्जा प्रवाह गर्नु, प्रवाह गरेको कर्जासम्बन्धी परियोजनाहरूको अनुगमन गर्नु र कर्जा असुलउपर गर्नु सम्बन्धित बैङ्क तथा वित्तीय संस्थाको प्रमुख कार्य हो", केन्द्रीय बैङ्कले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

बैङ्क तथा वित्तीय संस्थाले सर्वसाधारणबाट निक्षेप सङ्कलन गरी कर्जा प्रवाह गर्ने भएकोले कर्जा फिर्ता नभएमा निक्षेप फिर्ता गर्न नसक्ने, तरलतामा प्रभाव पर्ने हुँदा ऋणीले लिएको कर्जा भुक्तानी नियमित रूपमा गर्नुपर्ने उल्लेख गरेको छ ।

कुनै प्रतिकूल परिस्थितिका कारण ऋण भुक्तानीमा परेको असहजतालाई सम्बोधन गर्न नेपाल राष्ट्र बैङ्कले समय समयमा पुनरसंरचना तथा पुनरतालिकीकरण गर्नसक्ने लगायतका व्यवस्था गरी सहजीकरण गर्दै आएको विज्ञप्तिमा स्पष्ट पारिएको छ ।

बैंकिङ कारोबार सम्बन्धमा कुनै गुनासो भएमा सम्बन्धित संस्था र यस बैङ्कमा गुनासो सुनुवाइको व्यवस्था रहेकोले ग्राहकलाई मर्का परेमा गुनासो गर्न र समाधान गर्न सकिने व्यवस्थासमेत रहेको राष्ट्र बैङ्कले जनाएको छ ।

बैङ्क तथा वित्तीय संस्था र ती संस्थामा कार्यरत कर्मचारीविरुद्ध भएका गैरव्यावसायिक तथा उच्छृङ्खल गतिविधि नियन्त्रण नभएमा वित्तीय साधन परिचालनमा कठिनाइ हुने भएकाले वित्तीय सेवा प्रभावित हुने क्रियाकलापमा संलग्न नहुन सम्बन्धित सबैलाई जानकारी गराएको छ ।

बैङ्क तथा वित्तीय संस्था र ती संस्थामा कार्यरत कर्मचारीसँग गैरजिम्मेवार व्यवहार गर्ने तथा उच्छृङ्खल गतिविधिमा संलग्न व्यक्तिलाई प्रचलित कानुनबमोजिम कारबाही हुने भएकाले वित्तीय क्षेत्रमा कार्यरत कर्मचारीलाई मनोबल उच्च राखी कार्य गर्न नेपाल राष्ट्र बैङ्कले अनुरोध गरेको छ । ***(रासस)***

# "टनकपुर ब्यारेजबाट चाँडै पानी पाउनेमा विश्वस्त छौँ"

काठमाडौँ, २ पुस । ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले कञ्चनपुरको टनकपुर व्यारेजबाट नेपालतर्फ पानी पठाउन भारतसँग प्रयास भइरहेको बताउनुभएको छ ।

राष्ट्रिय गौरवको महाकाली सिँचाइ आयोजना तेस्रो चरणअन्तर्गत कञ्चनपुरको ब्रह्मदेवस्थित टनकपुर ब्यारेजको आज बिहान निरीक्षण गर्दै मन्त्री घिसिङले नेपालतर्फ पानी पठाउन भारतीय पक्षसँग दुई देशका संयन्त्र एवं द्विपक्षीय भेटमा निरन्तर अनुरोध भइरहेको बताउनुभएको मन्त्री घिसिङको निजी सचिवालयले जनाएको छ ।

कञ्चनपुरका सुक्खाग्रस्त करिब पाँच हजार हेक्टर जमिनमा तत्काल सिँचाइ सुविधा उपलब्ध गराउन नेपालतर्फ मुख्य नहर र शाखा तथा प्रशाखा नहर बनिसकेकाले भारतका तर्फबाट जलप्रवाह गर्ने निर्णय आउने विश्वास व्यक्त गर्नुभयो ।

नेपाल-भारतबिच एकीकृत महाकाली सन्धिअनुरूप नेपालले हिउँदयाममा तीन सय क्युसेक र वर्षायाममा एक हजार क्युसेक पानी पाउने व्यवस्था रहेको छ । सन्धिबमोजिम पानी उपयोगिता गरी सिँचाइ सुविधा उपलब्ध गराउन संरचना बनिसकेका छन् । करिब नौ अर्ब लगानी भइसक्दा पनि प्रतिफल पाउन नसकेको भन्दै स्थानीय रूपमा आलोचना हुने गरेको छ । पानी सञ्चालन नभएकाले निर्मित संरचना बिग्रिन थालेको आयोजनाले जनाएको छ ।

महाकाली सिँचाइ आयोजनामार्फत सतह सिँचाइबाट २८ हजार, भूमिगत सिँचाइबाट पाँच हजार गरी ३३ हजार हेक्टर क्षेत्रमा दिगो सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य छ । आयोजनाको कुल अनुमानित लागत रु. ३५ अर्ब छ । ***(रासस)***

# वीरगञ्ज भन्सारद्वारा पाँच महिनामा ९६ अर्ब ३८ करोड राजस्व सङ्कलन

वीरगञ्ज (पर्सा), २ पुस । वीरगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्षको पाँच महिनामा रु. ९६ अर्ब ३८ करोड राजस्व सङ्कलन गरेको छ ।

कार्यालयले गत आवको पाँच महिनाको तुलनामा चालु आवको सोही अवधिमा भने रु. १२ अर्ब एक करोडअर्थात् १४ प्रतिशत बढी राजस्व सङ्कलन गरेको हो । जबकि कार्यालयले गत आवको पाँच महिनामा भने रु. ८४ अर्ब ३७ करोड राजस्व सङ्कलन गरेको थियो । वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले चालु आवको पाँच महिनामा राजस्व सङ्कलन उत्साहजनक रहेको बताउनुभयो । "कार्यालयले मङ्सिर महिनामा रु. २१ अर्ब ३३ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य राखेको थियो । तर, कार्यालयले सो महिनामा मात्रै लक्ष्यको ९८ प्रतिशतअर्थात् रु. २० अर्ब ८० करोड राजस्व सङ्कलन गरेको छ ।"

प्रमुख भन्सार प्रशासक ज्ञवालीले चालु आवको पाँच महिनामध्ये सबैभन्दा धेरै राजस्व पनि मङ्सिर महिनामा सङ्कलन भएको बताउनुभयो । साउनमा रु. १८ अर्ब ४४ करोड, भदौमा रु. २० अर्ब ७३ करोड, असोज महिनामा रु. १९ अर्ब नौ करोड राजस्व सङ्कलन भएको थियो । त्यस्तै कार्तिक महिनामा रु. १७ अर्ब ३३ करोड र मङ्सिर महिनामा भने रु. २० अर्ब ८० करोड राजस्व सङ्कलन भएको छ । भन्सार विभागले वीरगञ्ज भन्सार कार्यालयालाई वर्षभरिमा रु. दुई खर्ब ७३ अर्ब ३९ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको छ । हालसम्मको पाँच महिनामा वार्षिक लक्ष्यको ८७ प्रतिशत राजस्व सङ्कलन भएको छ । ***(रासस)***

## सङ्क्षिप्त समाचार

# विसं २०८३ को पञ्चाङ्ग २०८२ साल अनुरूप नै प्रकाशन हुने

काठमाडौँ, २ पुस । विसं २०८३ को पञ्चाङ्ग २०८२ साल अनुरूप नै गर्ने गरी पञ्चाङ्गकारसमेतको संयुक्त बैठक बसी निर्णय गरिएको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ ।

विविध कारणबाट पञ्चाङ्ग रूजु र छलफल गर्न ढिलाइ भइसकेको र केतकीग्रहगणितबाट पञ्चाङ्ग खण्ड तयार गर्न केही समय लाग्ने एवं थप छलफल गर्नुपर्ने देखिएकाले पञ्चाङ्ग प्रकाशन गर्न ढिलाइ भइसकेको हुँदा सेवाग्राहीलाई समस्या पर्ने देखिएकाले २०८२ साल अनुरूप नै गर्न लागिएको समितिका कार्यकारी निर्देशक आचार्य लक्ष्मण पन्थीले जानकारी दिनुभयो ।

विसं २०८३ को पञ्चाङ्ग केतकी ग्रहगणितको आधारमा गणना गरी समितिमा पेश गर्नु भनी सूचना जारी गरिएको थियो । समितिको निर्णय मुताविक नेपाल राष्ट्रका लागि प्रकाशित हुने पञ्चाङ्गका सन्दर्भमा गत वर्ष नै पञ्चाङ्ग खण्ड परम्परागत सौरोक्त पद्धतिमा आधारित रही गर्ने निर्णय भएको थियो । अन्य ग्रहहरू ज्योतिर्गणितम् तथा केतकीग्रहगणितम्का आधारमा गणना गरी पञ्चाङ्ग प्रकाशित भएको थियो ।

साथै सौरोक्त पद्धतिबाटै समय सापेक्ष आकाशको ग्रहस्थितिसँगै मिल्ने गणना सुधार गर्न सिद्धान्त ज्योतिषका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्यातिप्राप्त ज्योतिषी विद्वान आमन्त्रण गरी छलफल कार्य तत्काल अघि बढाउने निर्णय समेत गरिएको समितिका अध्यक्ष प्रा शम्भुप्रसाद ढकालले बताउनुभयो । ***(रासस)***

# नेपाल–चीन आर्थिक सहकार्यमा जोड

काठमाडौँ, २ पुस । अर्थमन्त्री रामेश्वर खनालले नेपाल-चीन आर्थिक सहकार्य र लगानी वृद्धिमा जोड दिनुभएको छ ।

मङ्गलबार यहाँ आयोजित नेपाल-चीन आर्थिक सहकार्य र लगानीसम्बन्धी कार्यशालामा मन्त्री खनालले वैदेशिक लगानी भित्र्याउन नेपालले आर्थिक सुधारका विविध कार्यक्रमहरू गर्दै आएकाले चिनियाँ लगानीकर्तालाई ढुक्क भएर नेपालमा पुँजी परिचालन गर्न आग्रह गर्नुभयो ।

अर्थमन्त्रीले विदेशी लगानी भित्र्याउन नेपालले अनुकूल वातावरण सृजना गरेकाले नेपाल र चीनले आर्थिक सहकार्यका विभिन्न क्षेत्रहरू पहिचान गरी सहकार्य गर्नु अपरिहार्य छ भन्नुभयो ।

नेपालका लागि चीनका राजदूत छन सङले चिनियाँ लगानीकर्ताले नेपालमा आफ्नो उपस्थितिलाई बाक्लो बनाउँदै लगेको बताउनुभयो । उहाँले दुई देशबिचको बहुआयामिक सम्बन्धको चर्चा गर्दै औद्योगिक विकास, ऊर्जा, पूर्वाधार निर्माणलगायत क्षेत्रमा नेपालसँग सहकार्य गर्न चिनियाँ लगानीकर्ता इच्छुक रहेका बताउनुभयो । साथै उहाँले नेपाललाई आफ्नो मुलुकबाट सक्दो सहयोग हुने प्रतिबद्धता व्यक्त गर्नुभयो । ***(रासस)***

# ‘नेपालले भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको कठोर नीति अवलम्बन गरेको छ’

काठमाडौँ, २ पुस । नेपालले भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको कठोर नीति अवलम्बन गरेको तथा कानुनी, प्रशासनिक एवं संस्थागत सुधारलाई तदारुकताका साथ कार्यान्वयन गरिरहेको स्पष्ट गरेको छ । साथै वित्तीय कारबाही कार्यदल (एफएटिएफ)को कार्ययोजनाअन्तर्गतका दायित्व पूरा गर्ने चरणमा नेपाल रहेको जनाएको छ ।

कतारको राजधानी दोहामा जारी संयुक्त राष्ट्रसङ्घीय भ्रष्टाचारविरुद्धको महासन्धि पक्षराष्ट्रहरूको ११ औँ सम्मेलनमा नेपालले उक्त जानकारी दिएको हो । सम्मेलनमा भाग मङ्गलबार भाग लिँदै नेपाली प्रतिनिधिमण्डलका नेता प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सचिव गोविन्दबहादुर कार्कीले सुशासन प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणको उद्देश्यसहित नेपालमा अन्तरिम सरकार गठन भएको जानकारी दिँदै सुशासन प्रवर्द्धनमा वर्तमान सरकार पूर्ण प्रतिबद्ध रहेको बताउनुभयो ।

दोहास्थित नेपाली राजदूतावासका अनुसार संयुक्त राष्ट्रसङ्घीय भ्रष्टाचारविरुद्धको महासन्धिप्रति नेपालको प्रतिबद्धता दोहोर्‍याउँदै सचिव कार्कीले पदको दुरूपयोग, घुसखोरी, सम्पत्ति शुद्धीकरण, अवैध सम्पत्ति आर्जनलाई अपराधका रूपमा घोषणा गरी तिनलाई नियन्त्रण गर्न सरकारले थालेका प्रयासबारे जानकारी दिनुभयो । ***(रासस)***

# वाग्मतीमा पुँजीगत खर्च ४.४७ प्रतिशतमात्र

वाग्मती, २ पुस । वाग्मती प्रदेशले चालु आर्थिक वर्षको प्रथम पाँच महिनामा ४.४७ प्रतिशतमात्र पुँजीगत खर्च गरेको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार समीक्षा अवधिमा चालुतर्फ १८.४१ प्रतिशत खर्च भएको छ ।

चालु आव २०८२/८३ का लागि रु. ६७ अर्ब ४७ करोड ७३ लाख २७ हजारको बजेट पारित भएको थियो । विनियोजित बजेटमध्ये सबैभन्दा बढी प्रदेश लोकसेवा आयोगले २९.९० प्रतिशत, प्रदेशसभा सचिवालयले २७ प्रतिशत, मुख्य न्यायाधिवक्ताको कार्यालयले २३.६७ प्रतिशत, स्वास्थ्य मन्त्रालयले २०.४५ प्रतिशत, प्रदेश नीति तथा योजना आयोगले १९.०४ प्रतिशत र श्रम, रोजगार तथा यातायात मन्त्रालयले १९.५५ प्रतिशत बजेट खर्च गरेको छन् । सबैभन्दा कम संस्कृति तथा पर्यटन मन्त्रालयले १.४८ प्रतिशत बजेट खर्च गरेको छ । ***(रासस)***



**दुनाटपरी बनाउँदै**

धनगढी उपमहानगरपालिका-१४ एचगाउँमा सञ्चालित शानीडाँडा दुनाटपरी उद्योगमा मेसिनको सहायताले दुनाटपरी बनाउँदै स्थानीय महिला कामदार ।

*तस्बिर : मीन ठकुरी/रासस*

# दैनिक एक सय ३० कामदार खटाएर मादी पुल निर्माण गरिँदै

तनहुँ, २ पुस । मुग्लिन-पोखरा खण्डअन्तर्गत पृथ्वी राजमार्गको सबैभन्दा लामो आर्क ‘डिजाइन’को मादी पुल निर्माणले तीव्रता पाएको छ । दैनिक एक सय ३० कामदार खटाएर उक्त पुल तीव्र गतिमा निर्माण गरिँदै छ ।

पर्यटकलाई आकर्षण गर्ने उद्देश्यले पुल कलात्मक आर्क डिजाइनमा निर्माण गर्न लागिएको हो । व्यास नगरपालिका-४ र ५ जोड्ने मादी नदीमा निर्माणाधीन चार लेनको पुलमा दैनिक एक सय ३० जना कामदार परिचालन गरिएको आयोजनाका इन्जिनियर विष्णुप्रसाद पाण्डेले जानकारी दिनुभयो । उहाँका अनुसार यातायात आवागमनका लागि मात्रै नभई पर्यटकलाई पनि आकर्षित गर्ने उद्देश्यले कलात्मक डिजाइनको पुल निर्माण भइरहेको छ ।

तीन सय १५ मिटर लामो यस पुलको हालसम्म ७४ प्रतिशत भौतिक प्रगति भएको आयोजना कार्यालयले जनाएको छ । “सम्झौताअनुसार काम नसकिएपछि ११ महिना म्याद थप गरिएको हो”, इन्जिनियर पाण्डेले भन्नुभयो, “पछिल्लोपटक थप गरिएको म्यादभित्र पुल सम्पन्न गर्ने योजनासहित कामलाई तीव्रता दिइएको छ । ”

अहिले पुलको ढलान गर्नुपूर्वको फर्मा लगाउने, डण्डी तान्ने, टेका लगाउनेलगायत काम भइरहेको छ ।” उहाँका अनुसार चार लेनको एउटै बेस निर्माण गरिएको उक्त पुल पृथ्वी राजमार्गकै पहिलो र लामो छ ।

गत साउन २६ गते म्याद सकिएपछि आगामी असार १९ गतेसम्मलाई समय थपिएको इन्जिनियर पाण्डेले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “जेठ, असार, साउन र भदौ गरी चार महिना वर्षायाम भएकाले निर्माण रोकिएकामा दसैं लगत्तैदेखि पुन: निर्माणले गति लिइरहेको छ ।” उहाँका अनुसार पुलमा छ वटा स्पान हुनेछन् ।

पुल तीन वर्षभित्र सम्पन्न गर्नेगरी निर्माण कम्पनीले विसं २०७९ साउन २६ गते रु. एक अर्ब २१ करोडमा ठेक्का सम्झौता गरेको थियो । हाल नदीमाथि रहेको दुई लेनको पुल ३७० मिटर लम्बाइको छ । सोही पुलभन्दा करिब ५० मिटरको दूरीमा नयाँ पुल निर्माण भइरहेको इन्जिनियर पाण्डेले बताउनुभयो ।

मुग्लिन-पोखरा सडक आयोजनाको पूर्वी खण्डअन्तर्गत आँबुखैरेनीबाट जामुनेसम्म १३ वटा पुल निर्माण सम्पन्न भइसकेका छन् । आँबुखैरेनी-जामुनेसम्मको ४१ दशमलव ४५ किमी कालोपत्र सकिएको छ । पूर्वी खण्डमा विसं २०७७ माघ १७ गते सम्झौता भई विसं २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो । ***(रासस)***

# खानेपानीको सङ्कट झेल्दै चुरेफेदका मेनहर्वावासी

सिरहा, २ पुस । लहान नगरपालिका-१५ स्थित मेनहर्वा बस्तीका स्थानीय लामो समयदेखि खानेपानीको सङ्कट झेल्दै आएका छन् । चुरेफेदको विकट क्षेत्र मानिने यस बस्तीमा भूमिगत पानीका स्रोत सुक्दै जाँदा स्थानीयलाई दैनिक जीवनयापनमै कठिनाइ भइरहेको छ ।

करिब ३५ दलित घरपरिवार रहेको यस बस्तीका बासिन्दा वार्षिक झण्डै छ महिना टाढाटाढाबाट घण्टौँ लगाएर पानी बोक्न बाध्य छन् । स्थानीयका अनुसार बस्तीको खानेपानी समस्यालाई मध्यनजर गर्दै गाडिएको डिप बोरिङबाट करिब चार वर्षसम्म पानी आएको थियो । तर अघिल्लो वर्षदेखि उक्त बोरिङ पूर्ण रूपमा सुकिसकेको छ ।

बस्तीका मोहन सदायले डिप बोरिङ सुक्दा आफूहरूको जीवन नै अस्तव्यस्त भएको बताउनुभयो । उहाँले भन्नुभयो, “अघिल्लो वर्षदेखि डिप बोरिङबाट पानी आउन छोड्यो । अहिले घण्टौँ लगाएर बानो गाउँको खोलामा खनिएको कुवाबाट पानी बोकेर खानुपरेको छ । मानिस र वस्तुभाउ दुवैले त्यही पानी प्रयोग गर्दै आएका छौँ ।”

विनिता सदायले विगत चार-पाँच वर्षदेखि चापाकलसमेत सुक्दा खानेपानीको समस्या झनै जटिल बन्दै गएको गुनासो गर्नुभयो । “पानी नभएकै कारण सरसफाइमा पनि समस्या छ । नुहाउन, कपडा धुन र खान सबैका लागि एउटै कुवाको पानी प्रयोग गर्नुपरेको छ,” उहाँले भन्नुभयो ।

आर्थिक रूपमा कमजोर र सुकुम्वासीले भरिएको यस दलित बस्तीमा आव २०७९/८० मा ‘विपन्न परिवारका लागि सुरक्षित आवास कार्यक्रम’ अन्तर्गत घर निर्माण गरिएको थियो । लहान नगरपालिकाबाट रु. ४५ लाख ५१ हजार र हिल्टी फाउण्डेसनको सहयोगमा ‘ह्याबिट्याट फर ह्युमानिटी’ नेपालमार्फत रु. ४४ लाखको लागतमा २२ वटा जस्तापाताका घर निर्माण गरिएका थिए ।

“घर त बन्यो, तर खानेपानीको व्यवस्था भएन”, ७० वर्षीया जलेश्वरी सदायले दु:खेसो पोख्नुभयो । वडाध्यक्ष तेजनारायण चौधरीले मेनहर्वावासीको खानेपानी समस्या समाधानका लागि नगरपालिकामा पहल भइरहेको जानकारी दिनुभयो । जलवायु परिवर्तनको असरका कारण चुरे क्षेत्रका कुँवा, इनार र खोलाहरू सुक्दै गएकाले यो समस्या स्थानीय तह मात्र नभएर राष्ट्रिय चुनौती बन्दै गएको उहाँको भनाइ छ ।

पछिल्लो समय चुरे क्षेत्रमा पानीको सतह गहिरिँदै जाँदा ठुला डिप बोरिङसमेत असफल भइरहेकाले यसको विकल्पबारे योजना बनाउनुपर्ने विज्ञहरू बताउँछन् ।

वातावरणविद् दिनेश यादव भन्नुहुन्छ, “डिप बोरिङ खानेपानी समस्याको दीर्घकालीन समाधान होइन भन्ने कुरा विभिन्न ठाउँका अभ्यासले प्रमाणित गरिसकेको छ । त्यसैले चुरे संरक्षणसँगै वन व्यवस्थापन, जलाधार संरक्षण र नदी कटान नियन्त्रणका लागि तीनै तहका सरकारले एकीकृत योजना बनाएर कार्यान्वयन गर्नुको विकल्प छैन ।” ***(रासस)***

# दिउँसैसम्म हुस्सु-कुहिरो लाग्न थालेपछि चिसो ह्वात्तै बढ्यो

कञ्चनपुर, २ पुस । यहाँ बिहानैदेखि हुस्सु र कुहिरो लाग्न थालेपछि चिसो ह्वात्तै बढेको छ । बिहानैदेखि लाग्ने हुस्सु-कुहिरो दिउँसो पखसम्म नहट्दा जनजीवन प्रभावित हुन थालेको हो । बढ्दो चिसोका कारण बालबालिका, ज्येष्ठ नागरिक तथा शिविरमा बसोबास गर्ने विपन्न परिवार बढी प्रभावित हुन थालेका छन् । चिसोले दैनिक जनजीवनसँगै आवतजावत र स्वास्थ्यमा समेत असर पारेको स्थानीयको भनाइ छ ।

हुस्सु र कुहिरोका कारण बिहानको समयमा सवारीसँधन सञ्चालनमा समेत कठिनाइ भइरहेको छ । बस चालक राजेन्द्रबहादुर ऐरका अनुसार दृश्यता (भिजिबिलिटी) अत्यन्त कम हुने भएकाले सवारी चलाउन जोखिम बढेको छ । “अगाडिदेखि नै गाह्रो हुन्छ, त्यसैले गति कम गरेर सावधानीपूर्वक सवारी चलाउनुपर्ने अवस्था छ”, उहाँले भन्नुभयो ।

चिसोका कारण बिहानै विद्यालय जाने बालबालिका कठ्याङ्ग्रिने गरेका छन् । बाक्लो कुहिरो र चिसो हावाले विद्यार्थीलाई विद्यालय जान समस्या भएको अभिभावकको गुनासो छ । हुस्सु र कुहिरोले किसानलाई पनि असर गरेको छ । खेतबारीमा लगाइएका तरकारी बालीमा डढुवाको प्रकोप देखिन थालेको किसानले बताएका छन् । लालझाडीका किसान रामप्यारा चौधरीका अनुसार आलु र गोलभेडाखेतीमा डढुवाको समस्या देखिन थालेको छ । “लगातार हुस्सु र चिस्यानका कारण बालीमा रोग फैलिन थालेको छ”, उहाँले भन्नुभयो ।

चिसो बढेसँगै सर्वसाधारण बाक्लो लुगा नलगाइ बाहिर ननिस्कने अवस्था आएको छ । झलारीका स्थानीय रामबहादुर चुनाराका अनुसार अत्यधिक चिसोका कारण बिहान-साँझ घरबाहिर निस्कँदा बाक्लो लुगा लगाउनैपर्ने बाध्यता छ ।

स्वास्थ्य संस्थामा पनि चिसोका कारण बिरामीको चाप बढ्न थालेको छ । स्वास्थ्यकर्मी प्रेम धामीका अनुसार स्वास्थ्य संस्थाहरूमा रुघाखोकी, ज्वरो तथा श्वासप्रश्वाससम्बन्धी समस्या लिएर आउने बिरामीको सङ्ख्या बढ्दो छ । “विशेषगरी बालबालिका र ज्येष्ठ नागरिक चिसोबाट बढी प्रभावित देखिएका छन्”, उहाँले भन्नुभयो । ***(रासस)***

। सम्पादकीय ।

# सेखीले पनि एमालेभित्र असन्तुष्टको लहर

समाजमा नौरङ्गी मान्छे हुन्छन् त्यसै भनिएको होइन । अनेक रङ्गका, अनेक थरीका, अनेक सोचका मान्छे भएरै समाजका बुढापाकाहरू भन्ने गर्छन्, कस्तो नौरङ्गी मान्छे । आफू मात्र ठूलो, राम्रो र योग्य ठान्ने अहंभाव भएका व्यक्तिहरू पनि समाजमा देखिएका छन् । कसैसँग जोरी खोज्ने वा फुर्ती देखाउने अभिमानी, घमण्डी र सेखीहरू टोल, गाउँ-ठाउँमा मात्र होइन राजनीतिक दलभित्र पनि देखिएका छन् । राष्ट्रिय राजनीतिमा बढाइचढाइ गर्ने, रबाफ देखाउने अरुलाई गन्दै नगन्ने सामन्त चरित्रका नेता तथा कार्यकर्ता र उनीहरूको वरिपरि या पछि लाग्ने कार्यकर्ताहरूको घुइँचो विशेषत: ठूला दलमा देखिएको छ । यसरी सतही र फुस्रो राजनीति गर्ने नेता तथा कार्यकर्ताहरू एमालेमा देखिएका छन् । अति अहङ्कारी, ओलीको गुणगान नगर्ने या अन्ध समर्थन नगर्ने नेता तथा कार्यकर्ताहरूलाई पाखा लगाउने, कारबाही गर्ने, निरङ्कुश राजाले जस्तै आफूले बोलेको भनेको कुरालाई निर्णयसरि मान्नुपर्ने, आलोचना, प्रत्यालोचना पनि गर्न नपाउने चरित्रका नेताहरू एमालेभित्र देखिएका छन् । आँखा चिम्ली आफ्नो गुणगान नगर्ने एमालेको नेतृत्व र त्यसको वरिपरि रहने गलत व्यक्तिहरूकै विरोधमा एमालेको ११ औँ महाधिवेशनमा ओली र पोखरेलको प्यानलसहित प्रतिस्पर्धामा उत्रिएको राजनीतिक विश्लेषकहरूको टिप्पणी गलत होइन ।

सही सिद्धान्त र सही विचारको पालना त सबै नेता तथा कार्यकर्ताले गर्नुपर्छ । सही सिद्धान्त र सही विचारको राजनीति गर्ने दलका नेताले व्यक्तिगत स्वार्थ पूरा गर्न निर्णय गर्ने होइन । ओलीको नेतृत्वमा बनेको सरकारले समयमै सही निर्णय नगर्दा, अरुको आन्दोलन दबाएरै छाड्ने सेखीले गर्दा जेन-जी आन्दोलन भएको हो; देशकै शक्तिशाली सरकार नमज्जासँग ढलेको हो । यसको दोषी नेका सम्मलित ओलीको नेतृत्वमा बनेको एमाले सरकार नै हो । एमाले सरकारको सानो गल्तीले देशको सम्पत्ति कति क्षति भयो; कति मान्छेले ज्यान छोड्नु पर्‍यो । यो सामान्य घटना होइन ।

देशमा अहङ्कार गर्ने, अरुलाई वास्तै नगर्ने नेताहरूको सूचीमा केपी ओली पनि रहेको राजनीतिक विश्लेषण छ । त्यस्तै सेखी गर्ने नेताहरूमा हालै गठन भएको नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल पनि हुन् । उनी त छिनछिनमा बोली फेर्ने नेतामा पर्छन् । उनी अवसरवादी नेता हुन् । सिद्धान्त र विचारलाई थन्काएर जसरी भए पनि सरकारको नेतृत्व गर्नैपर्ने पदमुखी नेतामा दाहाल पनि पर्छ । अहङ्कार देखाउने सामन्ती चरित्रका नेताहरूको पछि दगुर्ने अन्य नेता तथा कार्यकर्ताले सही सिद्धान्त र विचारको राजनीति गर्छ भन्ने कुरा कसरी विश्वास गर्ने ?

एमालेको ११ औँ महाधिवेशनमा केपी ओलीविरुद्ध ईश्वर पोखरेल समूहको प्रतिस्पर्धा त्यसै भएको होइन । एमालेका पुराना अरु नेताहरू ओलीविरुद्ध त्यसै खनिएका होइनन् । जेन-जी आन्दोलनको क्रममा भएको नरसंहार र ध्वंसको नैतिक जिम्मेवारी सरकार प्रमुखले नलिए अरु कसले लिने ? आफ्नो सेखी स्वभाव र कार्यशैली सुधार्नुको सट्टा झन् अहङ्कारी भएर देखापर्नुले पनि उनीप्रति आफ्नै दलका नेता तथा कार्यकर्ताहरू असन्तुष्ट भएका हुन् । महाधिवेशनमा दुई पक्षबिच भएको प्रतिस्पर्धा आन्तरिक प्रतिस्पर्धा भने पनि त्यो नेतृत्वप्रतिको असन्तोषको सङ्केत हो । प्रतिस्पर्धामा हार जीत अर्को पाटो हो । एमाले नेतृत्वको अहङ्कार र सत्ता सम्हाल्दा देखिएका भ्रष्टाचार र अनियमितताको चाङले एमालेको नेतृत्वमा बनेको सरकार कसको पक्षमा रहेको छ भन्ने कुरा थाहा हुन्छ । पाटो अधिवेशनकै क्रममा देखिएको पार्टी नेताहरूकै असन्तुष्ट र यसै समयमा पार्टी नेता तथा कार्यकर्ताहरू अरु पार्टीमा प्रवेश भएको लहरले एमालेभित्र पहिरो गएको चर्चा परिचर्चा राजनीतिक वृत्तमा भइरहेको छ । पार्टीकै नेता कार्यकर्ताबिच भएको असन्तुष्टले नेतृत्व पक्षको कार्यशैली सही नभएको अर्थ्याउँछ । ठूलो अभिमानी र ठूलो हुनु नै सच्चाइ ठान्ने एमालेभित्रको गलत मानसिकता अहिले पनि छ ।

कम्युनिस्ट पार्टीको सिद्धान्त र विचार या मार्क्सवाद - लेनिनवाद र माओ त्सेतुङ विचारधाराबारे प्रचार प्रसार नगर्ने एमाले कस्तो कम्युनिस्ट पार्टी ? मार्क्सवाद - लेनिनवाद पथ प्रदर्शक मान्ने एमालेको नेतृत्व पक्षले मार्क्सवाद र लेनिनवादबारे जनतालाई बुझाउन आफ्ना नेता तथा कार्यकर्तालाई प्रशिक्षित गर्नुपर्दैन ? कम्युनिस्ट भएर कम्युनिस्टको सिद्धान्त र विचार अनुसार एमालेले के काम गरेको छ ? कम्युनिस्टको सिद्धान्त र विचारअनुसार कुनै काम नगर्ने एमालेका कस्ता नेता ! कम्युनिस्ट पार्टीले कम्युनिस्ट सिद्धान्त र विचारलाई आत्मसात गर्नुपर्छ । मार्क्सवाद-लेनिनवादलाई देशको माटो सुहाउँदो उपयोग गर्नुपर्छ । कुनै देशको नेताको दर्शनलाई अन्धानुकरण गर्ने होइन देशको माटो सुहाउँदो लागु गर्ने हो । यस कार्यमा एमाले चुकेको छ या एमालेले क्रान्तिकारी बाटो छोडेको छ । यो कम्युनिस्ट पार्टीको निम्ति दुर्भाग्यको विषय हो । यसकारण, एमालेभित्र नेता कार्यकर्ताबिच मात्र होइन जनताको पनि एमालेप्रतिको विश्वास गुम्दै गएको हो ।

# नानकिङ नरसंहारको सम्झना

✍ नीरज

गत डिसेम्बर १२ को बिहान कुनै समयको चीनको राजधानी नानकिङ सहरमा दस बज्दा नबज्दै पुरै सहरभरि चर्को आवाजमा साइरन गुन्जायमान भयो, मानौं तत्काले त्यहाँ कसैले भीषण हमला गर्दै छ । तर, साइरन बजेसँगै सहरमा मानिसहरूको कुनै भागदौड भने भएन । बरु पूरै सहर केही समयको लागि बरफ जमेजस्तै टक्क अडियो । हिँडिरहेका मानिस, गुडिरहेका सवारी, काम गरिरहेका मजदुर किसान, खेलिरहेका युवा, पढिरहेका विद्यार्थी सबै साइरनको ध्वनिसँगै रोकिए र मौनतामा नै सम्झिए आजभन्दा ८८ वर्षअघिको एउटा अविस्मरणीय इतिहास ।

सन् १९३७ को डिसेम्बर १३ को दिन नानकिङ सहर सधैँझैँ आफ्नै लयमा हिँडिरहेको थियो । बजारमा भीड छिचोल्दै मानिसहरू आ-आफ्ना गन्तव्यतिर दौडिरहेका थिए । बाटोछेउ फुटपाथ पसलेहरू म्यानथ्यौर (चाउचाउ) उमालिरहेका थिए । जाडो मौसममा तातो म्यानथ्यौर खान ग्राहकहरू हातमा काठे ख्वाइच बोकेर तम्तयार थिए । भरियाहरू आकाश छुने गरी सामान लादिएको गाडा बल गरी तानिरहेका थिए । उनीहरूलाई त्यो खेपको भारी बिसाएर अर्को भारी लिन जाने हतारो थियो । धनाढ्य साहुहरू उलिन्काठमा बसेर ठाँटका साथ सहरको सयर गरिरहेका थिए । तर, उनीहरूमध्ये कसैले पनि चिताएका थिएनन्, केही बेरमा उनीहरूले इतिहासमा कहिल्यै नभोगेको एउटा त्रासद समय भोग्नुपर्ने कुरा ।

जापानीहरूले कुनै पनि बेला नानकिङ सहरमा हमला गर्न सक्छन् भन्ने कुरा सरकारी र माथिल्ला ओहदाका मानिसहरूलाई सङ्केत थियो । नानकिङतिरको बाटोमा पर्ने गाउँ र साना सहरहरूमा जापानीहरूले हमला गर्दै, आगजनी गर्दै नानकिङतिर आइरहेका थिए । त्यसकारण, केही हुनेखाने र पहुँचवालाले नानकिङ छोड्ने जोहो गरिरहेका थिए । तर, सर्वसाधारण चिनियाँ जनतालाई न त्यसको कुनै सूचना थियो, न पहुँच नै । जब जापानी सेना नानकिङ सहरभित्र पसे, उनीहरूसँग सके भाग्ने, नसके लुक्ने, त्यही पनि नसके आत्मसमर्पण गर्नुको विकल्प नै थिएन । किनभने, चीन सरकार र सेनाका अधिकांश उच्च अधिकारीहरू नानकिङबाट भागिसकेका थिए । चिनियाँ सिपाहीहरू पनि प्रतिकार गर्नभन्दा ज्यान जोगाउन सामान्य पोशाकमा सर्वसाधारणको भीडमा मिसिएका थिए ।


तर, नानकिङमा जापानी सेनाले त्यसपछिका ६ हप्ता जे गर्‍यो, त्यसले नृशंसताको कुनै पनि सीमा नाघेको थियो । उनीहरूले ६ हप्तामा ३ लाख चिनियाँहरूको निर्मम हत्या गरे । आत्मसमर्पण गरेका सिपाहीलाई केही हानि नगर्ने युद्धको सामान्य नियम हो । अझ निहत्था सर्वसाधारणलाई कुनै पनि हानि पुऱ्याउनु युद्ध अपराध मानिन्छ । तर, नानकिङमा जापानी सिपाहीहरूले युद्धका कुनै पनि नियमको न्यूनतम पालनासमेत गरेका थिएनन् ।

नानकिङमा भेटिए जति मानिसहरूको उनीहरूले निर्मम हत्या गरेका थिए । सहरका सडकमा लासका बिस्कुन लागेको थियो । अधिकांश लासका टाउका काटिएका थिए अथवा टाउकामा गोली हानिएको थियो । मानिसको रगतले सडक पूरै रातै थियो, मानौँ त्यहाँ अबिर जात्रा निस्केको थियो । सडकका खम्बामा चिनियाँहरूका लास झुन्ड्याइएको थियो । कैयौँ चिनियाँहरूलाई जिउँदै गाडिएको थियो । जापानी सिपाहीहरूबिच कसले सबभन्दा बढी चिनियाँहरूको टाउको काट्न सक्छ भनी प्रतिस्पर्धा चलेको थियो । जापानी सिपाहीहरूबिच मानिसको टाउको काट्ने यो प्रतिस्पर्धा जापानको अखबारमा पहिलो पृष्ठको समाचार बनेको थियो, मानौँ मानिसको टाउको काट्नु फुटबल म्याचमा गोल गर्नुजस्तै गौरवको विषय हो । चिनियाँ महिलाहरू बलात्कृत मात्र भएनन्, बरु उनीहरूको बलात्कारपछि निर्मम हत्या गरियो । बालिका, किशोरी, वृद्धा, सुत्केरी, गर्भवती महिला कोही पनि जापानी अपमान र कार्यबाट जोगिएनन् । नानकिङ सहर भएर बग्ने यांजी नदीको पानी मानिसको रगतले रातै भएको थियो । हजारौँ मानिसका लास नदीको सतहमा महिनौँ तैरिरहेको थियो । घरभित्र लुकेर बसेका मानिसलाई मार्न घरघरमा आगो लगाइएको थियो । कुनै पनि घरका बहुमूल्य सामान बाँकी थिएनन्, जापानी सिपाहीहरूले लुटेका थिए । जापानीहरूका लागि चीनका धनी र गरिबमा कुनै भेद थिएन, उनीहरू त्यहाँका सबै मानिसलाई तुच्छ चिनियाँहरू नै ठान्थे ।

सैन्यवादले उन्मत्त जापानी सिपाहीहरूले नानकिङमा मच्चाएको युद्धअपराध लुकाउन त्यहाँबाट कुनै पनि सूचना बाहिर नजाओस् भनी कडा निगरानी राखिएको थियो । उनीहरूलाई लागेको थियो, जापानी सैन्यवादको नरसंहारबारे संसार बेखबर रहनेछ र



लेखिका आइरिस चाङ




रेप अफ नानकिङ पुस्तकको आवरण

चिनियाँहरूलाई नानकिङको आतङ्कले सात पुस्तासम्म त्रसित बनाउन सकिनेछ । तर, घटनाक्रम त्यसरी अघि बढेन । बरु, नानकिङमा जापानी सिपाहीहरूले गरेका युद्ध अपराधका तस्बिर ऐनकेनप्रकारेण पश्चिमा सञ्चारमाध्यमका सम्पादकीय कार्यालयसम्म पुग्यो र अन्तत: चीनको एउटा कुनामा जापानीहरूले गरेको मृत्युपूजा संसारसामु प्रकाशित भयो । जापानीहरूले इतिहास दबाउन गरेका प्रयास असफल भए ।

**नलेखिएको इतिहास**

नानकिङ नरसंहारपछि पनि सात वर्षसम्म चीनमा जापानी अत्याचार कायम रह्यो । सन् १९४५ मा अपमानपूर्वक दोस्रो विश्वयुद्धमा पराजय भोगेपछि मात्र जापानी अत्याचारको अन्त्य भयो । तर, युद्धको अन्त्य पछाडि पनि जापानी सैन्यवादले चीनमा गरेका अत्याचारका घटना लुकाउने सबै प्रयास जारी राखे । समयान्तरमा उनीहरूका प्रयासमा पश्चिमा जगत्ले समेत मद्दत गर्‍यो । दोस्रो विश्वयुद्धमा जर्मन नाजीवादले यहुदीहरूमाथि गरेका अत्याचारका बारेमा प्रशस्त पुस्तक, चलचित्र र साहित्य प्रकाशित छन् । संसारलाई जर्मन नाजीवादका अत्याचारबारे थाहा छ । तर, त्यस्तै प्रकृतिको जापानी अत्याचार इतिहासमा लुकाउने वा बङ्ग्याउने प्रयास अझ्यापि छ । तथापि, नानकिङ नरसंहार दुःख बनेर चिनियाँ जनताको सम्झनाबाट कहिल्यै मेटिएन ।

आइरिस चाङ चिनियाँ मूलका अमेरिकी लेखिका हुन् । उनले आमाबुबाबाट नानकिङको इतिहास बाल्यकालदेखि नै सुनेका थिए । किशोरी उमेरमा उनले यो इतिहासबारे थप अध्ययन गर्ने जमर्को गरिन् । उनी अमेरिकी विश्वविद्यालय र सार्वजनिक पुस्तकालयमा नानकिङको इतिहास खोज्न थालिन् । तर, उनले कुनै पनि पुस्तकालयमा नानकिङ नरसंहारबारे कुनै पनि पुस्तक वा सामग्री फेला पारिनन् । इतिहासका अध्येताहरूलाई समेत यो घटनाबारे निकै कम मात्र जानकारी भएको थाहा पाइन् । अनि उनी चिनियाँ जनताको यो त्रासद इतिहास खोज्न नानकिङ पुगिन् । सौभाग्यवश, नानकिङ नरसंहारमा मारिनबाट जोगिएका केही मानिसहरू पुरानो स्मृति बोकेर अझै बोल्न सक्ने थिए । उनीहरूका दु:खका घाउ सुन्दै आइरिसले नानकिङ घटनाबारे लुकाइएका र प्रकाशमा नआएका धेरै पाना खोतलिन् र अन्तत: सन् १९९७ मा रेप अफ नानकिङ (नानकिङको बलात्कार) नामको पुस्तक प्रकाशन गरिन् । नानकिङ नरसंहारको झण्डै छायामा पारिएको इतिहासलाई आइरिसको त्यो पुस्तकले संसारको सम्झनामा ब्युँतायो ।

*बाँकी पृष्ठ ५ मा*




चलचित्र नानकिङ फोटो स्टुडियोको पोस्टर

# जारशाही संसद्‌मा बोल्शेभिक सांसद – ४४

● ए. बादायेभ

गृहमन्त्री माक्लाकोभ चरमपन्थी प्रक्रियावाद थिए । उनी निरङ्कुश जारशाहीका कट्टर रक्षक थिए । ओज्र्योकी जिल्लामा पुलिसले हात पारेको सफलताबारे उनले राजा निकोलस द्वितीयलाई बताइहाले । नोभेम्बर ५को 'अति विनम्र' रिपोर्ट आवश्यक अधिकार प्राप्त गर्ने उद्देश्यले हामी पक्राउ पर्नुअघि लेखिएको थियो । रिपोर्टमा माक्लाकोभले लेखे :

"रूसी सामाजिक जनवादी मजदुर पार्टी वर्तमान शासन व्यवस्था अन्त्य गरेर गणतन्त्र स्थापना गर्ने लक्ष्यका साथ रूसी साम्राज्यमा क्रियाशील छ । युद्ध आरम्भ भएसँगै यसले तुरून्तै युद्ध अन्त्य गर्नुपर्ने विचारको प्रचारप्रसार गर्दै छ । उसले यसको स्पष्ट कारण पनि खुलाएको छ । युद्धमा विजयी भएको खण्डमा निरङ्कुशतन्त्र अझ कठोर बन्ने र यसैकारण पार्टीको लक्ष्य हासिल गर्नमा ढिलाइ हुने उसले प्रचार गर्दै छ ।

सामाजिक जनवादी समूहमा आबद्ध चौथो राज्य ड्युमाका सदस्यहरू यी विचारको प्रचारमा सक्रिय छन् । यो समूहले पार्टीको आपराधिक गतिविधिलाई निर्देशन दिने र बाटो देखाउने गर्छ । सामाजिक जनवादी सांसदहरूको विध्वंसक प्रभावको सबैभन्दा ज्वलन्त उदाहरण गत वर्ष उनीहरूकै संलग्नतामा भएको सडक उपद्रो र विशाल हडताल आन्दोलन हुन् । दुर्भाग्य, उनीहरूलाई कठघरामा उभ्याउनका लागि तिनका गतिविधिको प्रमाण फेला पार्न असम्भव देखिँदै आएको छ ।

अन्त्यमा गुप्तचर निकायले क्रान्तिकारी समूहहरूलाई लगातार निगरानीमा राख्यो र सामाजिक जनवादी सांसदहरूले एउटा बैठक डाकेको सूचना पायो । युद्धविरोधी गतिविधि गर्ने र रूसको राजसंस्था उखेल्ने कार्यक्रम तयार पार्न चर्चित सामाजिक जनवादीहरू त्यो बैठकमा उपस्थित हुँदै थिए ।

नोभेम्बर ४ मा सेन्ट पिटर्सबर्ग जिल्लाबाट १२ भेर्स्त पर एउटा निजी आवासमा गुप्तचरहरूले चौथो संसद्का सामाजिक जनवादी समूहका सदस्यहरू पेत्रोभ्स्की, बादायेभ, मुरानोभ, शागोभ र सोमाइलोभलाई बैठकमा उपस्थित पाए । बैठकमा साम्राज्यका विभिन्न भेगका ६ जना पार्टी प्रतिनिधि पनि थिए । प्रहरीले बैठकको उद्देश्य के हो भनेर सोध्दा उनीहरूले घरमुलीहरूको विवाहको आठौँ वार्षिकोत्सव मनाउनु हो भने । तर, त्यहाँ कुरा झूटो थियो भन्ने कुरा केही समयपछि घटनास्थलमा आएका लोग्नेको भनाइबाट पुष्टि भयो ।

सहभागीहरूको खानतलासीबाट निम्न सामग्री फेला परेका छन् - विदेशी क्रान्तिकारी पत्रिका 'सोसियल-डेमोक्र्याट' का अनेक प्रति, युद्धका सम्बन्धमा बसेको बैठकको एजेन्डा, ३२ वटा क्रान्तिकारी पर्चा, पार्टीका टिपोट र चिठीपत्र । अझ सबैभन्दा महत्त्वपूर्ण त सांसद बादायेभसँग विद्यार्थीहरूलाई क्रान्तिकारी सङ्घर्षमा सहभागी हुन आह्वान गरिएको आपराधिक अपिल रहेको भेटियो । साथै, उनीबाट छद्‌म नामको पासपोर्ट पनि बरामद भयो ।

सम्पूर्ण प्रमाणहरू न्यायिक अधिकारीहरूलाई बुझाइएको छ । संसद् सदस्यहरूसहित यो आपराधिक बैठकमा सहभागी सबैलाई मुद्दा चलाउन न्यायिक अधिकारीहरूले प्रारम्भिक छानबिन गर्दै छन् ।

महाराजाधिराजको जुनाफमा यो रिपोर्ट पेस गर्नुलाई म आफ्नो विनम्र कर्तव्य ठान्छु ।
गृहमन्त्री माक्लाकोभ ।"

यति त मान्नैपछि आफ्नो गुप्त प्रहरीको प्रभावशाली मद्दतले रिपोर्टमा माक्लाकोभले बोल्शेभिक समूहका क्रियाकलापको सटिक वर्णन गरे । समूहले लामो समयदेखि कडा गोप्यता कायम गरेको र प्रहरीले कारबाही चलाउन कुनै तथ्य फेला पार्न नसकेको तथ्य उनले नचाहेरै भए पनि स्वीकार्न कर लाग्यो । रिपोर्टमा उनी अन्ततः सांसदहरूलाई रातै हात समाएकोमा हर्षबढाइँ गर्छन् ।

जार निकोलसको आशीर्वादले सरकारले मुद्दा चलाउने नाटक अघि बढायो । त्यसले कम्तीमा 'कठोर श्रम' को सजाय दिने निश्चित थियो । बडाराष्ट्र अहङकारवादको उन्मादले देशलाई सर्लक्कै ढाकेको थियो । युद्धको पहिलो महिनादेखि नै यो उन्माद बढ्दै गएको थियो । यसकारण, सरकारले जनमतलाई सजिलै हातमा लिन सक्यो । जनमानसमा 'रूसको सैन्यशक्ति' विरूद्ध भयानक षड्यन्त्र पत्ता लागेको छाप पार्न सरकारी अखबार 'प्राभितेल्स्त्वेनी भियत्निक' (सरकार सन्देश) मा शब्दजाल बुनियो । सरकारी घोषणा यस्तो थियो :

"युद्धको आरम्भदेखि नै पितृभूमिको एकता अखण्ड राख्नुपर्नेमा सचेत रूसी जनताले सरकारका युद्धकालीन प्रयासमा उत्साहपूर्वक समर्थन जनाउँदै आएका छन् । तथापि, सामाजिक जनवादी समूहका सदस्यहरूले एकदम फरक रवैया अपनाए र भूमिगत क्रियाकलाप र प्रचारबाजी गर्दै रूसको सैन्य शक्ति खुकुलो पार्न आफ्नो सारा सामर्थ्य लगाए । यो अक्टोबरमा सरकारले वर्तमान सत्ताविरूद्ध प्रत्यक्ष प्रहार गर्ने र आफ्नो राजद्रोही समाजवादी अभियान पूरा गर्ने विषयमा छलफल गर्न सामाजिक जनवादी सङ्गठनका प्रतिनिधिहरूले गोप्य भेला गर्ने सूचना पायो ।"

यसपछि अखबारमा ओज्र्योकी काण्डको विस्तृत वर्णन थियो । अखबारले लेख्यो, "बैठकको राजद्रोही अभीष्टमा कुनै शङ्का थिएन त्यसकारण त्यहाँ भेटिएका व्यक्तिहरूलाई पक्राउ गरियो । तर, संसद् सदस्यहरूलाई छोडियो ।"

हामी 'पाँच बोल्शेभिक' लाई पहिल्यै एकान्त कालकोठरीमा थुनिसकिएको भए पनि 'सरकार सन्देश' ले अनुसन्धान अधिकृतले भेलामा उपस्थित सबै सहभागीलाई 'हिरासत' मा राख्ने निर्णय गरेको लेख्यो । यसरी उसले पाठकलाई भ्रममा राख्न सावधानी अपनायो ।

खासमा जनताको नाडी छाम्न यो चङ्ख घोषणा गरिएको थियो । स्थितिको हलुका सङ्केत मात्र थियो घोषणामा ।



प्रतिक्रियावादी प्रेसले सरकारको निर्देशन पायो र तत्कालै हाम्रो समूहमाथि हमला सुरू गर्‍यो । 'रूसकोय ज्नाम्या' को भाषा कडा थियो । उसले लेख्यो, "हामी औपचारिक कार्यक्रममा हाम्रा शत्रुहरूसँग सँगै उभिनु पनि हुँदैन । यो देशमा शान्ति पुनर्स्थापित गर्नु छ भने एउटै उपाय हो फाँसीको पासो ।" यो अपिल आएपछि अन्य रक्तपिपासु प्रतिक्रियावादी पत्रपत्रिकाले समेत लहरै समर्थन गर्न थाले । उदारवादी पत्रपत्रिका तैँचुपमैचुप भए । त्यो बेला मजदुरहरूका पत्रपत्रिका छैन बराबर थिए ।

मैदान तयार पारेपछि सरकारले नोभेम्बर १५ को दिन हाम्रो समूहलाई पक्राउ गरेको घोषणा गर्‍यो । सरकारको यो दोस्रो घोषणा यस्तो थियो :

रूसका विभिन्न भागबाट आएका व्यक्तिहरू र संसद्का केही सदस्य संलग्न पेत्रोग्रादनजिकै भएको भेलाका सम्बन्धमा प्रारम्भिक छानबिन गर्दा भेलामा यस्तो निर्णयबारे छलफल भएको पाइयो - "निरङ्कुश जारशाही र उसको सेना पराजित हुनु कम खराब हुनेछ' । साथै, भेलामा 'सेनाभित्र समाजवादी क्रान्तिकारी प्रचारप्रसारलाई सकेसम्म तीव्र पार्ने' र 'सेनाभित्र गैरकानुनी समितिहरू निर्माण गर्ने' नारा घन्काएको पाइयो । संलग्न सबै व्यक्तिलाई गिरफ्तार गरिएको छ ।"

यसले संसद्मा कस्तो तरङ्ग ल्यायो त ? हाम्रो निवेदन बुझेपछि रोद्जान्कोले 'आफूले सक्ने सबथोक गर्ने' वचन दिए । अन्य समूहका कतिपय सांसदहरूले विरोध गर्नुपर्ने बताए । तर, तिनको विरोध झूटो थियो । सदनको बहुमतले सरकारलाई पूर्ण समर्थन गर्‍यो । ओठे विरोध गर्नुको कारण अर्कै थियो । सरकारको पछिल्लो भड्काउपूर्ण कारबाहीको जवाफमा मजदुरहरूले अर्को क्रान्तिकारी उभार ल्याउने डरले उनीहरूले त्यो ओठे विरोध जनाएका थिए ।

त्यो बेला संसद्को बैठक थिएन । यसकारण, विरोधले सदाझैँ सरकारसँग सिधा प्रश्नोत्तरको रूप लिन सकेन । त्यसैले चखाइद्जेको पहलमा त्रुदोभिकका करेन्स्की, प्रगतिशील पार्टीका एफ्रिमोभ र क्याडेटका मिल्युकोभले एक संसदीय समितिको बैठकमा प्रश्न उठाए । घाइते र बिरामीहरूको उपचारमा सघाउन सभामुखको कार्यकक्षमा यो समितिको बैठक बस्थ्यो ।
नोभेम्बर ६ मा बिहानपख त्यो समितिमा हामीलाई ओज्योर्कीमा तलासी गरिएको र हिरासतमा लिइएको विषयमा छलफल भयो । त्यो बेलासम्म हाम्रो समूह पक्राउ परेको खबर संसद्ले पाइसकेको थिएन । बैठकमा उपस्थित सांसदहरूले खुलमखुला देशमा क्रान्तिकारी विस्फोट हुनसक्ने सन्त्रासको चर्चा गरे । अक्टोबरवादीहरूको चरित्र नै यही थियो । गोदन्येभ, ओपोचिनी र लुत्जले प्रहरी कारबाहीको विरोध गर्नुपर्ने कुरा राखे । मजदुरहरूका सांसदहरूमाथि हमला गर्दा जनता र सेनाको पछिल्तिर भाँडभैलो मच्चिने उद्‌घोष गरे । उनीहरूले विशुद्ध देशभक्तिको तर्क राख्दै सरकारको भडकाउपूर्ण कार्यको निन्दा गरे ।

छलफलको परिणामस्वरूप रोद्जान्कोले प्रधानमन्त्री गोरेमिकिनलाई विरोधपत्र पठाए । संसद्का बहुमत सांसदको ढोङ पत्रको भावबाट प्रतिबिम्बित भयो । त्यो पत्र उनले नोभेम्बर ३० गते मात्र पठाए । त्यसबेलासम्म हामीलाई पक्राउ गरेको झन्डै एक महिना बितिसकेको थियो । रोद्जान्कोले हाम्रो पक्राउको विषयमा एक शब्द बोलेनन् । बरू, ओज्योर्की घटनामा हामीले दिएको वक्तव्य अघि बढाइदिए । गोरेमिकिनलाई बुझाइएको देखावटी पत्रमा रोद्जान्कोले संसदीय विधानको दफा १५ उल्लङ्घन भएको बताए । उनले भने, "प्रशासनको यस्तो कारबाही असह्य छ । कानुनको यस्तो उल्लङ्घन र सरकारी अधिकारीहरूको यस्तो लापरबाह र गैरजिम्मेवार व्यवहारले शान्तिपूर्वक बसिरहेका जनताबिच असन्तोषको बीउ रोप्नेछ र अहिलेको अप्ठ्यारो परिस्थितिमा यसै पनि युद्धले गर्दा असन्तुष्ट जनतालाई थप भड्काउनेछ ।" तर, रोद्जान्कोको निष्कर्ष के थियो ? के उनले हाम्रो समूहमाथिको कारबाही बन्द गर्नुपर्छ भने त ? भन्दै भनेनन् । उनले आफ्नो पत्र बुझाए । पत्रमा लेखिएको थियो, "संसद् सदस्यहरूलाई गैरकानुनी प्रहरी क्रियाकलापबाट रक्षा गर्न भविष्यमा महामहिमले आवश्यक कदम चाल्नुहुनेछ भन्ने मैले विश्वास लिएको छु ।" यसरी पूरै विरोध एउटा औपचारिक घोषणा र आक्रमण नदोहोरियोस् भन्ने अनुरोधमा गएर टुङ्गियो । हाम्रो बोल्शेभिक समूहको सुरक्षाबारे चुइँक्क बोलिएन ।

---

**नानकिङ...**

पुस्तक प्रकाशन हुँदा आइरिसको उमेर २९ वर्ष थियो । अमेरिकामा अङ्ग्रेजी भाषामा पुस्तक प्रकाशन भएपछि नानकिङ घटनाबारे संसारका अझ धेरै पाठकले जानकारी पाए । जापानी दक्षिणपन्थीहरूको युद्धका कुरूप अनुहार लुकाउने प्रयास फेरि असफल भयो । पुस्तक प्रकाशनपछि आइरिसले संसारका धेरै सहर र विश्वविद्यालयमा गएर नानकिङ नरसंहारबारे संभाषण दिइन् । त्यसबापत उनले धेरै थरी मानसिक हमला सामना गर्नुपर्‍यो । फलतः ३२ वर्षको उमेरमा उनले आत्महत्या गरिन् । तर, उनले युवा उमेरमै झण्डै इतिहासको रासमा लुकाइएको पाटो संसारमा उजागर गरिन् । 'रेप अफ नानकिङ' को प्रकाशनपश्चात् युद्ध अपराधबाट उन्मुक्ति पाउने जापानी सैन्यवादको प्रयास अन्ततः विफल भयो ।

**चलचित्रमा नानकिङ**

यो वर्ष संसारले दोस्रो विश्वयुद्धमा फासीवाद पराजय भएको ८० औँ वर्षगाँठ बनायो । चीन सरकारले राजधानी पेइचिङमा धुमधामसँग विशेष समारोहसहित यो विजयोत्सव मनायो । फासीवादमाथि विजयकै सन्दर्भ जोडेर चीनमा यो वर्ष दुई वटा चलचित्र सार्वजनिक भए, नानकिङ फोटो स्टुडियो र ७३१ टुकडी । यीमध्ये पहिलो चलचित्र नानकिङ नरसंहारकै इतिहास हो ।




चलचित्र ७३१ टुकडीको पोस्टर

नानकिङ फोटो स्टुडियो कसरी नानकिङ नरसंहारको त्रासदीबिच पनि त्यहाँका गोप्य तस्बिर बाहिरिएका थिए र त्यसको निम्ति कस्तो बलिदान गर्नुपरेको थियो भन्ने कथामा आधारित थियो । अर्को चलचित्र भने सन् १९३४ मा जापानले उत्तरी चीनमा बनाएको गोप्य वैज्ञानिक प्रयोगशालाबारे थियो । त्यो प्रयोगशालामा मानिसको शरीरले कतिसम्मको चिसो वा तातोमा कस्तो प्रतिक्रिया दिन्छ भनी चिनियाँ, कोरियाली, सोभियत र मङ्गोलियन जनताको शरीरमा प्रयोग गरिन्थ्यो । त्यही प्रयोगशालामा बनाइएको नरसंहारक किटाणुलाई जैविक हतियारको रूपमा प्रयोग गरेर चीन, कोरियालगायत पूर्वी एसियामा जापानले आफ्नो उपनिवेश बिस्तार गरेको थियो ।

जापानले इतिहासमा आफूले गरेका गल्ती स्वीकार्दै भविष्यमा यस्ता गल्ती हुन नदिन सजग हुनुको सट्टा आफ्नो अपराधलाई छोप्ने, बङ्ग्याउने र अस्वीकार गर्न थालेपछि चीनले जापानी अत्याचारको इतिहासलाई उदाङ्ग्याउने काम गर्दै छ । विशेषतः जापानी पाठ्यपुस्तकमा इतिहासका त्यस्ता नरसंहारलाई उल्लेख नगर्ने, बङ्ग्याउने, अथवा सेतो पोत्ने काम हुन थालेपछि युद्धको पीडा अझ निको नभएका घाउबारे चिनियाँहरूले विरोध गर्दै आएका छन् । कम्तीमा जापानका आजको पुस्ताले हिजो आफ्ना पुर्खाले गरेका गल्ती स्वीकार्दै भविष्यमा संसारमा कसैले पनि यस्ता घटना भोग्न नपरोस् भन्ने भावना राखेको भए लाखौँको सङ्ख्यामा मारिएका चिनियाँ जनताका पुर्खाले सान्त्वनाबोध गर्ने थिए । तर, जापानी दक्षिणपन्थी शक्तिहरूले अझै उस्तै नरसंहारको समय कुरेर बसेजस्तै उस्तै दक्षिणपन्थी सोचाइ पाल्ने गरेका छन् ।

**ताकाइचीको नयाँ सैन्यवाद**



जापानी प्रधानमन्त्री ताकायिची

जापानका दक्षिणपन्थी प्रधानमन्त्री ताकाइचीले पछिल्लो समय दिएको एउटा अभिव्यक्तिले चिनियाँ जनताको घाउको पाप्रो उप्काउने काम गर्‍यो । उनले थाइवानको प्रश्न उठाउँदै थाइवान चीनको हुनु जापानको अस्तित्वमाथि खतराको रूपमा वर्णन गरिन् । थाइवान चीनको भूभाग हो भन्ने कुरा जापानले विगतमा धेरैपटक औपचारिकरूपमा स्वीकारिसकेको विषय हो । तथापि, अहिले थाइवान र चीनलाई अलग भूभागको रूपमा व्याख्या गर्दै जापानी प्रधानमन्त्रीले दिएको अभिव्यक्तिलाई चिनियाँहरूले जापानमा ब्युँतिँदै गरेको सैन्यवादको सङ्केतको रूपमा बुझेका छन् । उनको भनाइ जापानी संविधानको मूल मर्मविपरीत फेरि पनि जापान दोस्रो विश्वयुद्धभन्दा अघिको अवस्थामा फर्किन खोजिरहेको लक्षण हो भन्ने मान्न बाध्य छन् ।

जापानी दक्षिणपन्थका प्रतिनिधि ताकाइचीको अभिव्यक्तिप्रति चीनले औपचारिक खेदमात्र जनाएन, बरु उनको अभिव्यक्तिविरुद्ध जापान जाने सयौँ सङ्ख्यामा विमानहरूले उडान रोके । लाखौँ सङ्ख्यामा जापानको यात्रामा निस्कने तयारीमा रहेका चिनियाँहरूले भ्रमण रद्द गरे । यसले जापानी अर्थतन्त्रमा ठुलो धक्का पुग्यो । फलतः जापानभित्रै प्रधानमन्त्रीले आफ्नो अभिव्यक्ति फिर्ता लिनुपर्ने माग उठ्यो । विश्व युद्धपूर्वको जापानी साम्राज्यवादप्रति गौरव गर्ने जापानीहरूले चीनलाई युद्धपूर्वकै चीनको रूपमा हेर्ने गल्ती गर्दै छन् । तर, समयले कोल्टे फेरिसकेको छ । चीनसँगको द्वन्द्व बढे जापानले भोग्ने आर्थिक क्षति आज जापानले झेल्न सक्ने अवस्था छैन । जापान र चीनको द्वन्द्व बढे फेरि पनि पूर्वी एसिया अर्को दावानलमा फस्ने पक्का छ ।

नानकिङ नरसंहार र टुकडी ७३१ का युद्ध अपराधलाई भविष्यमा कहिलेकाहीँ पनि नदोहोरियोस् भन्ने कामना नै जापानी शासकहरूको लागि हितकारी हुनसक्छ ।



प्रजातान्त्रिक जनगणतन्त्र कोरियाको राजधानी प्योङ्याङस्थितस्थित मान्सु हिलमा प्रिय नेता किम जोङ इलको स्मृति दिवसमा महान नेता किम इल सङ र प्रिय नेता किम जोङ इलको प्रतिमामा पुष्पार्पण गरी श्रद्धा प्रकट गर्दै कोरियाली जनता डिसेम्बर १७, २०२५ का दिन ।

तस्बिर : एपी/जोन चोल जीन

# भेनेजुयलामाथि दबाब कडा पार्दै ट्रम्पद्वारा प्रतिबन्धित तेल ट्याङ्कर अवरुद्ध गर्ने आदेश

वासिङ्टन, १७ डिसेम्बर (एएफपी)। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मङ्गलबार भेनेजुयलामा जाने र त्यहाँबाट बाहिरिने सबै 'प्रतिबन्धित तेल ट्याङ्करहरू' अवरुद्ध गर्ने आदेश जारी गरेका छन्। यस घोषणासँगै संरा अमेरिकाले भेनेजुयलाको कच्चा तेलमा अमेरिकाको पहुँचसम्बन्धी नयाँ मागहरू अघि सार्दै काराकासविरुद्धको दबाब अभियानलाई अझ तीव्र बनाएको छ।

ल्याटिन अमेरिकामा लागुऔषध तस्करीविरुद्ध लड्ने उद्देश्य देखाउँदै तर भेनेजुयलालाई विशेष रूपमा लक्षित गर्दै संयुक्त राज्य अमेरिकाले महिनौँदेखि क्यारिबियन क्षेत्रमा ठुलो सैन्य तैनाथी विस्तार गर्दै आएको छ। काराकासले यस अभियानलाई वामपन्थी शक्तिशाली राष्ट्रपति निकोलस मादुरोलाई सत्ताबाट हटाउने प्रयासका रूपमा व्याख्या गर्दै आएको छ। मादुरोलाई वासिङ्टनसहित धेरै देशले अवैध राष्ट्रपति भन्दै आएका छन्। साथै, भेनेजुयलाले यसलाई आफ्नो तेल 'चोर्ने' योजनाका रूपमा पनि हेरेको छ।

देशको हवाई क्षेत्रलाई 'बन्द' मानिनुपर्ने र 'भूमिमा लागुऔषध तस्करी रोक्ने' प्रयासहरू चाँडै सुरु हुने घोषणा गर्दै राष्ट्रपति ट्रम्पले भेनेजुयलाभित्र सैन्य कारबाहीसमेत हुनसक्ने आशय व्यक्त गरेपछि पछिल्ला हप्ताहरूमा दुवै देशबिच तनाव उल्लेखनीय रूपमा बढेको छ।

गत हप्ता संयुक्त राज्य अमेरिकाले भेनेजुयलाबाट बाहिरिएको एउटा तेल ट्याङ्कर नियन्त्रणमा लिएको थियो भने भेनेजुयलाको तेल उद्योगसँग सम्बन्धित अन्य धेरै जहाज तथा कम्पनीहरूमाथि नयाँ प्रतिबन्धको घोषणा गर्दै अभियानमा थप कडाइ गरेको थियो।

"आज म भेनेजुयलाभित्र र बाहिर जाने सबै प्रतिबन्धित तेल ट्याङ्करहरूलाई पूर्ण रूपमा अवरुद्ध गर्ने आदेश दिन्छु," राष्ट्रपति ट्रम्पले मङ्गलबार साँझ आफ्नो 'ट्रुथ सोसल' प्लेटफर्ममार्फत लेख्नुभएको छ। क्यारिबियन क्षेत्रमा तैनाथ विश्वकै सबैभन्दा ठुलो विमानवाहकसहितका धेरै नौसेना र समुद्री सेनाको उल्लेख गर्दै उहाँले चेतावनी दिनुभयो, "भेनेजुयला अहिले दक्षिण अमेरिकाको इतिहासमै भेला भएको सबैभन्दा ठुलो नौसैनिक बेडाले घेरिएको छ।"

भेनेजुयलाको अर्थतन्त्र कच्चा तेल निर्यातमा अत्यधिक निर्भर रहेकाले तेल क्षेत्रलाई कमजोर पार्ने यस्ता कदमले राष्ट्रपति मदुरोमाथि थप दबाब सिर्जना गर्ने अनुमान गरिएको छ। तर, मङ्गलबार राष्ट्रपति ट्रम्पले भेनेजुयलाको तेल उत्पादनमा अमेरिकाको पहुँच पुन: प्राप्त गर्ने लक्ष्य पनि स्पष्ट पार्नुभयो।

भेनेजुयलाले 'हामीबाट पहिले चोरेका सबै तेल, भूमि र अन्य सम्पत्तिहरू संयुक्त राज्य अमेरिकालाई फिर्ता नगरेसम्म' अमेरिकी नौसैनिक बेडा अझ ठुलो बन्दै जाने उहाँको भनाइ थियो। उहाँले कुन तेल वा भूमिको कुरा गर्नुभएको हो भन्ने स्पष्ट नगर्नुभए पनि सन् १९७० को दशकमा भेनेजुयलाले आफ्नो तेल उद्योग राष्ट्रियकरण गरेको तथ्यलाई यस सन्दर्भमा स्मरण गराइएको छ। त्यसपछि राष्ट्रपति मदुरोका पूर्ववर्ती ह्युगो चाभेजको नेतृत्वमा विदेशी कम्पनीहरूलाई भेनेजुयलाको राज्य स्वामित्वको तेल कम्पनी पिडिभिएसएलाई बहुमत नियन्त्रण दिन बाध्य पारिएको थियो।

विशेष प्रतिबन्ध छुटअन्तर्गत अझै पनि भेनेजुयलामा सञ्चालनरत अमेरिकी कम्पनी सेभरोनका प्रवक्ताले मङ्गलबार कम्पनीको गतिविधि 'कुनै अवरोधबिना र लागू कानुन तथा नियमहरूको पूर्ण पालना गर्दै निरन्तर रूपमा चलिरहेको' जानकारी दिनुभयो।

काराकासले भने राष्ट्रपति ट्रम्पको घोषणाको कडा निन्दा गर्दै उनको उद्देश्य 'हाम्रो मातृभूमिको सम्पत्ति चोर्ने' रहेको आरोप लगाएको छ। भेनेजुयलाले विगतका वर्षहरूमा अमेरिकी तेल प्रतिबन्धलाई बेवास्ता गर्दै कालो बजारमार्फत छुट मूल्यमा कच्चा तेल बिक्री गर्दै आएको छ, जसको मुख्य खरिदकर्ता चीन रहेको छ।

पेट्रोलियम निर्यातक देशहरूको सङ्गठन (ओपेक) का अनुसार भेनेजुयलामा करिब ३०३ अर्ब ब्यारेल तेल भण्डार रहेको अनुमान गरिएको छ, जुन विश्वका अन्य कुनै पनि देशभन्दा बढी हो।

"यदि तेल निर्यात रोकियो भने यसले विदेशी मुद्रा बजार र देशको आयात क्षमतामा गम्भीर असर पार्नेछ र त्यसले आर्थिक सङ्कट निम्त्याउन सक्छ," भेनेजुयलाको परामर्शदाता संस्था ओरिनोको रिसर्चका एलियास फेररले हालै एएफपीलाई बताउनुभएको थियो। उहाँका अनुसार मन्दी मात्र नभई, खाद्य तथा औषधिको अभावसमेत देखिन सक्छ, किनकि आयात गर्न देश असमर्थ हुनेछ।

पेन्टागनले भने ट्रम्प प्रशासनअन्तर्गत विदेशी आतङ्कवादी सङ्गठनका रूपमा तोकिएका लागुऔषध गिरोहहरूलाई लक्षित गरिएको दाबी गर्दै 'साउदर्न स्पियर' नाम दिइएको आफ्नो अपरेसनको बचाउ गरेको छ। अमेरिकी सेनाले अहिलेसम्म अन्तर्राष्ट्रिय जलक्षेत्रमा लागुऔषध तस्करीमा संलग्न डुङ्गाहरूमाथि मात्र कारबाही गरेको बताइए पनि ती कारबाहीमा कम्तीमा ९५ जनाको मृत्यु भइसकेको छ, जसलाई धेरै विश्लेषकहरूले गैरन्यायिक हत्या भनेका छन्।

# ट्रम्पद्वारा थप सात देश र प्यालेस्टिनमाथि पूर्ण यात्रा प्रतिबन्ध

वासिङ्टन, १७ डिसेम्बर (एएफपी)। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मङ्गलबार सिरियासहित थप सात देशका नागरिक र प्यालेस्टिनी प्राधिकरणका पासपोर्ट वाहकहरूलाई संयुक्त राज्य अमेरिका प्रवेशमा पूर्ण यात्रा प्रतिबन्ध लगाउने निर्णय गरेका छन्। यस कदमसँगै राष्ट्रियताको आधारमा मात्र अमेरिका प्रवेशमा रोक लगाइएका देशहरूको सङ्ख्या करिब ४० पुगेको छ। यसका साथै पश्चिमी देशहरूबाट हुने नियमित यात्रामा समेत नियमहरू थप कडा पारिएका छन्।

आप्रवासनप्रति कठोर दृष्टिकोणलाई आफ्नो प्रमुख राजनीतिक एजेन्डा बनाउँदै आउनुभएका राष्ट्रपति ट्रम्पले सामूहिक निर्वासनको आदेश जारी गरिसकेका छन् भने गैर-श्वेत आप्रवासीहरूविरुद्धको कडा अभिव्यक्ति पनि तीव्र बन्दै गएको छ। ह्वाइट हाउसले जारी गरेको विज्ञप्तिमा 'अमेरिकीहरूलाई धम्की दिन सक्ने' विदेशी नागरिकहरूलाई रोक्न प्रतिबन्ध लगाइएको उल्लेख गरिएको छ। साथै, अमेरिकाको संस्कृति, सरकार, संस्था तथा संस्थापक सिद्धान्तहरूलाई कमजोर पार्न खोज्ने व्यक्तिहरूलाई देशभित्र प्रवेश नदिन चाहिएको भनिएको छ।

लामो समयसम्म शासक बशर अल-असदको पतनपछि अन्तर्राष्ट्रिय समुदायमा पुन:स्थापना हुने प्रयासमा रहेको सिरियामाथि यो प्रतिबन्ध त्यतिबेला लगाइएको छ जतिबेला केही दिनअघि त्यहाँ दुई अमेरिकी सैनिक र एक सर्वसाधारण मारिएका थिए। सिरियाली अधिकारीहरूका अनुसार ती घटनाका आरोपी सुरक्षा बलका पूर्वसदस्य थिए, जसलाई 'चरमपन्थी इस्लामवादी विचार' का कारण बर्खास्त गरिएको थियो।

यसैबिच, फ्रान्स र बेलायतलगायत केही पश्चिमी देशहरूले प्यालेस्टिनी राज्यलाई मान्यता दिएको विरोधमा ट्रम्प प्रशासनले इजरायलसँग ऐक्यबद्ध हुँदै प्यालेस्टिनी प्राधिकरणका पासपोर्ट वाहकहरूमा अनौपचारिक यात्रा प्रतिबन्ध लागू गरिसकेको थियो, जसलाई अहिले औपचारिक बनाइएको छ।

पूर्ण यात्रा प्रतिबन्धमा परेका नयाँ देशहरूमा अफ्रिकाका बुर्किना फासो, माली, नाइजर, सिएरा लियोन र दक्षिण सुडान, साथै दक्षिणपूर्वी एसियाको लाओस रहेका छन्। यसबाहेक, नाइजेरिया, आइभोरी कोस्ट र सेनेगललगायत केही अफ्रिकी देशका नागरिकमाथि आंशिक यात्रा प्रतिबन्ध लगाइएको छ। यी देशहरू अमेरिका, क्यानाडा र मेक्सिकोमा आयोजना हुने आगामी विश्वकप फुटबलका लागि योग्य भए पनि ट्रम्प प्रशासनले खेलाडीहरूलाई मात्र प्रवेश अनुमति दिने स्पष्ट पारेको छ, प्रशंसकहरूका हकमा कुनै प्रतिबद्धता जनाएको छैन। आंशिक प्रतिबन्धमा परेका अन्य देशहरूमा एङ्गोला, एन्टिगुआ र बार्बुडा, बेनिन, डोमिनिका, ग्याबोन, गाम्बिया, मलावी, मौरिटानिया, तान्जानिया, जाम्बिया, जिम्बाब्वे तथा पोलिनेसियाली देश टोङ्गा रहेका छन्। यीमध्ये केही देश अमेरिकाका महत्त्वपूर्ण साझेदारसमेत रहेका छन्, जसलाई पूर्वराष्ट्रपति जो बाइडेनले लोकतन्त्रप्रतिको प्रतिबद्धताका लागि प्रशंसा गरेका थिए। शरणार्थी अधिकारका पक्षमा काम गर्ने इसाई संस्था ग्लोबल रिफ्युजले यात्रा प्रतिबन्धले कमजोर र जोखिममा परेका मानिसहरूलाई झनै अप्ठ्यारो अवस्थामा धकेल्ने चेतावनी दिएको छ। संस्थाका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृत कृष ओ'मारा विग्नाराजाहले व्यक्तिगत र प्रमाणमा आधारित मूल्याङ्कनको सट्टा सम्पूर्ण जनसङ्ख्यालाई सजाय दिने नीति अपनाइएको आरोप लगाएका छन्।

राष्ट्रपति ट्रम्पले पछिल्ला सार्वजनिक कार्यक्रममा आप्रवासीहरूलाई लक्षित गर्दै विवादास्पद भाषा प्रयोग गर्दै आएका छन्। यसअघि नै सोमाली नागरिकहरूको प्रवेशमा प्रतिबन्ध लगाइसकिएको छ भने अफगानिस्तान, इरान, लिबिया, सुडान, यमनलगायत देशहरू पनि पूर्ण यात्रा प्रतिबन्धमा रहेका छन्।

यसै क्रममा ह्वाइट हाउसले तुर्कमेनिस्तानले गरेको 'महत्त्वपूर्ण प्रगति' लाई स्वीकार गर्दै त्यस देशका नागरिकलाई गैर-आप्रवासी भिसामा अमेरिका प्रवेशको अनुमति पुन: दिन थालिएको जनाएको छ। तर समग्रमा हेर्दा, राष्ट्रपति ट्रम्पको पछिल्लो निर्णयले अमेरिकी आप्रवासन नीतिलाई अझै कठोर बनाएको स्पष्ट देखिएको छ।

## विश्व सङ्क्षेप

### रूस र इरानद्वारा अन्तर्राष्ट्रिय यातायात मार्ग कार्यान्वयनलाई गति दिने प्रतिबद्धता

तेहरान, १७ डिसेम्बर (सिन्ह्वा)। रूस र इरानले दक्षिण एसियालाई उत्तरी युरोपसँग जोड्ने अन्तर्राष्ट्रिय यातायात मार्ग पूरा गर्ने आफ्नो प्रतिबद्धता दोहोऱ्याएको इरानको सरकारी समाचार एजेन्सी इरनाले जनाएको छ।

इरानको राजधानी तेहरानमा भएको बैठकमा इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्का सचिव अली लारिजानी र रूसी यातायात उपप्रधानमन्त्री भिटाली साभलेभले अन्तर्राष्ट्रिय उत्तर-दक्षिण यातायात कोरिडोर (आईएनएसटीसी) परियोजना सम्पन्न गर्ने विषयमा विचार आदान -प्रदान गरेको जनाइएको छ।

लारिजानीले परियोजना कार्यान्वयन गर्न इरानको तयारीलाई प्रकाश पार्दै आफ्नो देशले निकट भविष्यमा विद्यमान कार्यकारी र संस्थागत अवरोधहरू हटाउने र परियोजनाको कार्यान्वयनलाई कानुनी र प्रशासनिक रूपमा सुदृढ पार्न आवश्यक सम्झौताहरू लागु गर्ने बताउनुभएको छ।

साभलेभले आफ्नो तर्फबाट इरानको निर्णायक दृष्टिकोणलाई स्वागत गर्दै यस परियोजनालाई यसको परिचालन चरणमा अगाडि बढाउन मस्कोको तयारी रहेको बताउनुभएको छ।

दुवै पक्षले दिगो द्विपक्षीय सहयोगलाई सुदृढ गर्न र स्वतन्त्र क्षेत्रीय सम्पर्क मार्गहरू निर्माण गर्न आईएनएसटीसी आफ्नो देशको संयुक्त रणनीतिको हिस्सा भएको कुरामा जोड दिएको जनाइएको छ।

सन् २०२३ जुलाइमा, इरान रूसले आईएनएसटीसीको रूपमा इरान भित्र रेलवे निर्माणका लागि कार्यान्वयन सम्झौतामा हस्ताक्षर गरेका थिए। जसले १६२ किलोमिटर लामो रेलवेले पूरा भएपछि उत्तरी इरानी सहरहरू राश्त र अस्तारालाई जोड्नेछ।

### बोन्डी अभियुक्तलाई अस्ट्रेलियाली प्रहरीद्वारा ५९ वटा अपराधको आरोप

सिड्नी, १७ डिसेम्बर (सिन्ह्वा)। सिड्नीको बोन्डी समुन्द्र तटमा भएको घातक सामूहिक गोलीबारीको जीवित कथित अपराधी नावीद अकवरलाई ५९ वटा अपराधको आरोप लगाइएको अस्ट्रेलियाली प्रहरीले बुधबार जनाएको छ।

अस्ट्रेलियाको न्यू साउथ वेल्स (एनएसडब्लु) राज्यको प्रहरी बलले बुधबार दिउँसो २४ वर्षीय अकरमलाई ५९ वटा अपराधको आरोप लगाएको छ, जसमा १५ वटा हत्या र एक आतङ्ककारी कार्य गरेको आरोप लगाइएको छ।

अधिकारीहरूका अनुसार नाविद र उनका बुबा साजिद अकरमले आइतबार सिड्नीको प्रसिद्ध बोन्डी समुन्द्र तटमा भएको यहुदी उत्सवमा गोली चलाउँदा १५ जनाको मृत्यु हुनुका साथै दर्जनौं घाइते भएका थिए।

मङ्गलबार कोमाबाट उठेपछि बुधबार अकरम प्रहरीको निगरनीमा अस्पतालमा उपचाररत रहेको जनाइएको छ।

दोस्रो कथित बन्दुकधारी, अकरमका ५० वर्षीय बुबा साजिदको रूपमा पहिचान गरिएको छ, जसको आक्रमण स्थलमा प्रहरीको गोली लागेर मृत्यु भएको थियो।

हत्या र आतङ्कवाद अपराधका साथै, नाविद अकरमलाई गम्भीर शारीरिक क्षति पुगाउने उद्देश्यले बन्दुक चलाएको, सार्वजनिक रूपमा प्रतिबन्धित आतङ्कवादी प्रतीक प्रदर्शन गरेको र क्षति पुऱ्याउने उद्देश्यले भवनमा विस्फोटक राखेको र हत्याको ४० वटा अभियोग लगाइएको थियो।

अधिकारीहरूले आक्रमण इस्लामिक स्टेटको विचारधाराबाट प्रेरित भएको र नाविद अकरमको गाडीमा इस्लामिक स्टेटका दुईवटा झण्डा र इम्प्रोभाइज्ड विस्फोटक उपकरणहरू फेला परेको पुष्टि गरे।

आक्रमणपछि साजिद अकरमसहित १० देखि ८७ वर्ष उमेर समूहका १६ जनाको मृत्यु भएको पुष्टि भएको थियो। आक्रमणपछि चार बालकसहित ४१ जना घाइतेलाई उपचारका लागि अस्पताल लगिएको जनाइएको छ।

बुधबारसम्म, २० जना घाइते व्यक्तिहरू सिड्नी अस्पतालमा उपचाररत रहेकामध्ये पाँच जनाको अवस्था गम्भीर रहेको जनाइएको छ।

### कम्बोडियाको सीमा क्षेत्रमा भएको झडपमा १७ जनाको मृत्यु : मन्त्रालय

नोम पेन (कम्बोडिया), १७ डिसेम्बर (सिन्ह्वा)। कम्बोडियाले सिमा क्षेत्रमा भएको झडपमा कम्बोडियामा मृत्यु हुने नागरिकको सङ्ख्या १७ पुगेको उल्लेख गर्दै थाई सैन्य बलले कम्बोडिया क्षेत्रमा हवाई आक्रमण र गोलाबारी जारी राखेको बुधबार बताएको छ।

कम्बोडियाको रक्षा मन्त्रालयका उपसचिव तथा प्रवक्ता लेफ्टिनेन्ट जनरल माली सोचेटाले बुधबारदेखि थाई सेनाले कम्बोडियाको ओड्डर मिन्चे, बान्टे मिन्चे र पर्सात प्रान्तका विभिन्न स्थानमा आक्रमण गर्न ट्याङ्क-माउन्टेड मेसिन गन, ड्रोन, आर्टिलरी र एफ-१६ लडाकू जेट प्रयोग गरेको बताउनुभएको छ।

सोचेटाले द्वन्द्वका कारण कम्बोडियाका नागरिकहरू आक्रमणको सिकार भएको उल्लेख गर्दै घाइतेहरूको सङ्ख्या ७७ पुगेको जनाउनुभएको छ।

आधिकारिक तथ्याङ्कका अनुसार द्वन्द्वले एक लाख ३० हजारभन्दा बढी कम्बोडियन परिवारका करिब चार लाख ३८ हजार व्यक्तिहरूलाई सुरक्षित आश्रयका लागि आफ्नो घर छोड्न बाध्य पारेको जनाइएको छ।

कम्बोडिया-थाइल्यान्ड सीमा द्वन्द्व डिसेम्बर- ७ देखि पुन: सुरु भएको छ, भने दुवै पक्षले एक अर्कालाई आक्रमण सुरु गरेको आरोप लगाएका छन्।

# हामी अब गाजाको ‘नयाँ सामान्य’ (New Normal) को कुरूप अनुहार देख्छौँ !



एमान् अबु जायेद्
(गाजास्थित प्यालेस्टिनी लेखिका) १४ डिसेम्बर, २०२५

गत महिना गाजामा हिउँदमा एक हिंसक आँधीसँगै आयो । राति म एउटा विपत्तिले ब्युँझिएँ । हाम्रो पाल पानीले भरिएको थियो जसले हाम्रो ‘भुइँ’ लाई पोखरीमा परिणत गरेको थियो । डसना र तकियाहरू पूर्ण रूपमा भिजेका थिए, खाना पकाउने भाँडाहरू डुबेका थिए, लुगाहरू भिजेका थिए र हाम्रा झोलाहरू पनि - जुन हाम्रो ‘दराज’ को रूपमा काम गर्थ्यो - पानीले भरिएका थिए । भित्र केही पनि सुख्खा रहेन ।

के भइरहेको छ भनेर बुझ्ने प्रयास गर्दा, अचानक हाम्रो पालको प्रवेशमा केटाकेटीहरू रोएको सुनेँ । मैले छिटो प्रवेश खोलेँ र छिमेकी पालका तीनजना बच्चाहरू देखेँ, चिसोले उनीहरूको ओठ नीलो भइसकेको थियो, तिनीहरूको आमा पछाडि काम्दै भनिरहेकी थिइन्, “हामी निथ्रुक्क भिजेका छौँ ... पानी भित्र चुहियो र पानी सबैतिर पुग्यो ।”

हामी वरिपरि उही दु:खद दृश्य दोहोरिएको थियो - महिला, बालबालिका र वृद्धवृद्धाहरू पानीमा भिजेर सडकमा बसिरहेका थिए, उनीहरूको ओछ्यान भिजेको थियो र सामानहरू छरिएका थिए, जबकि हावामा भ्रम र रोदन व्याप्त थियो ।

सबै उचित आश्रयको अभावमा विस्थापित १४ लाख प्यालेस्टिनीहरूले त्यस दिन दु:ख भोगे - मौसम वा अचानक आउने आँधीबेरीबाट कुनै सुरक्षा नभएका मानिसहरू ।

हाम्रो लागि, घाम मुश्किलले देखिने भएकोले हाम्रा सामानहरू सुक्न पूरा दुई दिन लाग्यो; सबै चिसो र ओसिलो रह्यो । हामी अर्को ठाउँमा सरेनौँ - जहाँ थियौँ त्यहीं रह्यौँ, सकेजति बचाउन प्रयास गर्यौं, किनभने त्यहाँ जाने अर्को ठाउँ कतै थिएन ।

एक हप्तापछि, अझ बलियो हिउँदे आँधीसँगै भारी वर्षा भयो । पालहरू फेरि पनजीले भरिए; साना केटाकेटीहरू फेरि पानीमा जमे ।

यस हप्ता, जब बाइरन आँधी आयो, हामी फेरि एक पटक डुबानमा पर्यौं । पालहरूलाई बलियो बनाउने हाम्रा सबै प्रयासहरूका बाबजुद, तिनीहरूलाई कडा रूपमा बाँध्ने र बलियो टार्पहरू ल्याउने, केही पनि काम गरेन । हावा झन् तेज थियो, झन् ठूलो वर्षा अनि पानी चारैतिरबाट भित्र पस्यो । जमिनले अब केही पनि सोस्न सकेन । हाम्रो खुट्टामुनि पानी द्रुतगतिमा बढ्न थाल्यो, सम्पूर्ण क्षेत्र दलदलमा परिणत भयो ।

अधिकारीहरूका अनुसार, तीव्र हावाले कम्तीमा २७,००० पालहरू ध्वस्त पारेको छ । यी २७,००० परिवारहरू हुन् जसले पहिले नै सङ्घर्ष गरिरहेका थिए । अब उनीहरूसँग केही छैन, वर्षा र चिसोबाट बच्नको लागि कुनै आश्रय छैन, लुक्ने ठाउँ छैन ।



वर्षाले मानिसहरूले आश्रय लिएका क्षतिग्रस्त घरहरू पनि भत्काए । हरेक पटक आँधीबेहरी वा तेज हावा आउँदा, हाम्रो नजिकै नराम्ररी क्षतिग्रस्त भवनहरूबाट भग्नावशेष र कङ्क्रिटका खम्बाहरू खसेको आवाज सुन्छौँ । यस पटक, अवस्था यति खराब थियो कि भत्किएका भवनहरूबाट ११ जनाको मृत्यु भयो ।

यो स्पष्ट छ कि हामीले सबै कुरा सहेपछि, हामी अन्य विस्थापित प्यालेस्टिनीहरू जस्तै, यी कठोर परिस्थितिहरूमा तेस्रो हिउँद बाँच्न सक्दैनौँ । हामी दुई हिउँद विस्थापित जीवन बितायौँ । न त चिसोबाट बच्ने न त वर्षाबाट जोगाउने हामी पालहरूमा बस्दै हाम्रो पीडाको अन्त्य गर्ने युद्धविरामको लागि थकित धैर्यताका साथ पर्खिरहेका छौँ । अन्तत: युद्धविराम भयो तर राहत आएन । हामी उही ठाउँमा छौँ, कुपोषण र रोगले थकित शरीरसहित, घाम र हावाले जीर्ण भएका पालहरूमुनि ।

हामी सात जनाको परिवार हौँ, चार बाइ चार मिटर (१३ फिट बाइ १३ फिट) को पालमा बस्छौँ । हामीमध्ये पाँच र १० वर्षका दुई बच्चा र ८० वर्षीया हजुरआमा हुनुहुन्छ । हामी वयस्कहरू, चिसो र कठिनाइलाई पार गर्न सक्छौँ । तर वृद्धवृद्धा र बालबालिकाहरूले हामी जस्तै हरेक दिन कसरी सहन सक्छन् ?

हामी सिधै भुइँमा ओछ्याइएका डसनाहरूमा सुत्छौँ, तल र माथिबाट चिसो छिर्दछ, केवल दुईवटा कम्बलहरू छन् जसले हामीलाई चिसो रातहरूबाट बचाउन अपुग छ । पालमा सबैसँग दुईवटा कम्बल छन्, जुन क्षणिक न्यानोपन प्रदान गर्न मुश्किलले पुग्छ । तापको कुनै स्रोत छैन, बिजुली छैन, हिटर छैन; बाँकी रहेको न्यानोपन बाँडन खोजिरहेका थकित शरीरहरू मात्र ।

मेरी हजुरआमा चिसो पटक्कै सहन सक्दिनन् । म उनलाई रातभरि काँपिरहेको हेर्छु, उहाँ छातीमा हात राखी आफूलाई एकसाथ समात्ने प्रयास गरिरहेको जस्तो । हामीले गर्न सक्ने भनेको भएका सबै कम्बलहरू उनका माथि थुपार्ने र उहाँ निदाउन नसकेसम्म उत्सुकतापूर्वक हेर्नु मात्र हो ।

गाजामा धेरै मानिसहरू हाम्रोभन्दा धेरै खराब अवस्थामा बाँचिरहेका छन् ।

टाउकोमाथि सामान्य पाल चाहने धेरैजसो परिवारहरूले किन्न सक्दैनन् । पालहरूको मूल्य १००० डलरसम्म पुग्न सक्छ; एक टुक्रा जग्गामा पाल टाँग्न तिर्नुपर्ने भाडा ५०० डलरसम्म हुनसक्छ । तिर्न नसक्नेहरू सडकमा कामचलाउ आश्रयस्थलहरूमा बस्छन् ।

उदाहरणका लागि, सलाह अल्-दिन मार्गमा त्यसको भीडभाड छ । धेरैजसो न्यूनतम गोपनीयताको लागि सानो ठाउँमा झुण्ड्याएर बेरिएका कम्बलहरू मात्र हुन, वर्षा वा चिसोबाट कुनै सुरक्षा प्रदान नगर्ने खालका । हावाको कुनै पनि तेज झोक्काले, पाल खुल्छ ।

सडकमा खुला बस्ने केटाकेटी पनि छन, चिसो जमिनमा सुत्नेहरू । युद्धको समयमा धेरैले आफ्ना आमा वा बुबा गुमाएका थिए । जब तपाईं त्यहाँबाट जानुहुन्छ, तपाईंले तिनीहरूलाई देख्नुहुन्छ - कहिले मौन, कहिले रोइरहेका, कहिले खानेकुरा खोजिरहेका ।

सहायता र पुनर्निर्माणको बारम्बार वाचा गरिए तापनि गाजामा आएको आपूर्तिको केही थोपाबाट यहाँ कुनै फरक परेको छैन । यस महिनाको सुरुमा, संयुक्त राष्ट्र सङ्घले नोभेम्बर महिनामा केवल ३०० पालहरू वितरण गर्न सफल भएको घोषणा गर्‍यो; दुई लाख तीस हजार परिवारहरू प्रत्येकले एउटा खाद्यान्न पार्सल प्राप्त गरे ।

हामीले कुनै पनि खाद्यान्न पार्सल पाएनौँ - खाँचोमा परेका मानिसहरू धेरै छन् र परिमाण सबैको पहुँचको लागि धेरै साना छन् । यदि हामीले एउटा पाएको भए पनि, यसको सामग्री एक वा दुई हप्ताभन्दा बढी टिक्दैन ।

खाद्यान्नको मूल्य अझै उच्च छ । मासु र अण्डाजस्ता पौष्टिक वस्तुहरू या त उपलब्ध छैनन् या धेरै महँगा छन् । धेरैजसो परिवारले महिनौँदेखि उचित प्रोटिनयुक्त खाना खाएका छैनन् ।

उपकरणको अभावका कारण मानिसहरूले आफ्नो पाल टाँग्न सकून् भनेर भग्नावशेष हटाउने वा जमिन समतल पार्ने कुनै ठूलो अभियान चलाइएको छैन । परिवारहरूलाई स्थायी आवास उपलब्ध गराउन कुनै कदम चालिएको छैन ।

यी सबैको अर्थ अब हामी एउटा डरलाग्दो सम्भावनाको सामना गरिरहेका छौँ; पालको यो जीवन, जुनसुकै बेला हावाले बाढीले बगाउन वा च्यात्न सक्छ; हाम्रो दीर्घकालीन वास्तविकता बन्न सक्छ । यो असहनीय सोच हो ।

बमबारी हुँदा, हामी मृत्युको निरन्तर डरसँगै बाँचिरहेका थियौँ र सायद युद्धको तीव्रताले अरू सबै कुरालाई ओझेलमा पारेको थियो; चिसो, वर्षा, हाम्रो टाउकोमाथि हल्लिरहेका पालहरू । तर अब, सामूहिक बमबारी रोकिएपछि, हामी गाजाको ‘नयाँ सामान्य’ को पूर्ण कुरूपताको सामना गरिरहेका छौँ ।

मलाई डर छ कि यो हिउँद गाजाको लागि धेरै खराब हुनेछ । ताप दिने उपकरण नभएको, वास्तविक आश्रय नभएको र मौसम दिन प्रतिदिन खराब हुँदै गएको अवस्थामा, हामीले बालबालिका, वृद्धवृद्धा र दीर्घरोगीहरूबिच धेरै मृत्यु देख्ने सम्भावना छ । हाइपोथर्मियाबाट पहिलो मृत्यु रिपोर्ट भइसकेको छ । शिशुहरू राहफ अबु जजार र तैम अल-ख्वाजा र नौ वर्षीया हदील अल-मसरी । यदि संसार साँच्चै गाजामा भइरहेको नरसंहार अन्त्य गर्न प्रतिबद्ध छ भने यसले वास्तविक तत्काल कदम चाल्नुपर्छ र हामीसँग बाँच्नको लागि कम्तीमा आधारभूत अवस्थाहरू छन् भनी सुनिश्चित गर्नुपर्छ - खाना, आवास र स्वास्थ्य सेवा ।

*फोटो - (डिसेम्बर ११, २०२५ मा गाजा सहरको जेइटुनमा भारी वर्षापछि विस्थापित प्यालेस्टिनीहरूलाई आश्रय दिइरहेको अस्थायी शिविरमा पानीको पोखरीमा एक केटी)* [AFP]

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित

**थंथु दरबार पुन: निर्माण आयोजना**

दरबार स्क्वायर-३, भक्तपुर

**बोलपत्र आह्वानको सूचना**

(प्रकाशित मिति : २०८२।०९।०३ गते बिहीबार)

भक्तपुर नगरपालिका कार्यालयद्वारा सञ्चालित थंथु दरबार पुन: निर्माण आयोजना कार्यालयबाट आ.व. २०८२/०८३ मा थंथु दरबार पुन: निर्माण कार्यको लागि आवश्यक ‘मा अप्पा’ खरिद गर्न National Competitive Bidding बाट सम्पन्न गर्नुपर्ने भएको हुँदा इजाजत प्राप्त निर्माण व्यवसायीहरूबाट निम्न सर्तहरूको अधीनमा रही रितपूर्वकको Online Bid Submission पेस गर्न यो सूचना प्रकाशित गरिएको छ ।

१. इच्छुक बोलपत्र दाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट बोलपत्र फाराम हेर्न सक्नेछ । बोलपत्रसम्बन्धी कागजातमा चालु आ.व.को लागि नवीकरण भएको इजाजत पत्र, कर चुक्ता प्रमाणपत्र, आय कर एवं मू.अ.कर दर्ता प्रमाणपत्रहरू संलग्न गर्नुपर्नेछ । Online Bid-Submission मा बोलपत्र दस्तुर र जमानत रकम (Bid Security) तिरेको भौचरको Scanned copy समेत upload गर्नुपर्नेछ ।
**राजस्व खा.नं.**: ०१९०३०००००१००१००००३ | **अफिस कोड नं.**: ८०१०३३३०२
**धरौटी खा.नं.**: ०१९०३००००३००००००००३ | **शीर्षक नं.**: १४२२९

२. तालिकाअनुसार योग्यता भएका बोलपत्र दाताहरूले मात्र Bidding मा भाग लिन पाउनेछन् । सोसम्बन्धी विस्तृत विवरण Bid Document मा समावेश गरिएको छ ।

३. बोलपत्रसम्बन्धी अन्य कुराहरूको हकमा सार्वजनिक खरिदसँग सम्बन्धित प्रचलित ऐन नियम एवं बोलपत्रसम्बन्धी कागजातमा उल्लेख भएअनुसार हुनेछ । साथै अन्य आवश्यक जानकारीको लागि थंथु दरबार भवन निर्माण आयोजना कार्यालयमा (फोन नं : ०१-५९१८४१८) वा कार्यालयको E-mail Id : thanthudurbar@gmail.com मार्फत सम्पर्क राख्न सकिनेछ ।

४. बोलपत्रदाताहरूले Online Bid Submission को हकमा www.bolpatra.gov.np/egp बाट Online Bid Submission बुझाउनुपर्नेछ ।

**तालिका**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र दस्तुर | बोलपत्र जमानत रकम |
|---|---|---|---|---|
| १. | Thanthu/NCB/Goods /02/082/83 | Supply & Delivery of Ma Appa for Thanthu Durbar | रु.३,०००।०० | रु.१,३०,०००।०० |

- **प्रीविड मितिङ, मिति र समय** : २०८२ पुस २२ गते मङ्गलबार, दिउँसो १:०० बजे ।
- **बोलपत्र पेस गर्ने अन्तिम मिति र समय** : २०८२ माघ ४ गते आइतबार, दिउँसो १२:०० बजे ।
- **बोलपत्र खोल्ने मिति र समय** : २०८२ माघ ४ गते आइतबार, दिउँसो २:०० बजे भनपा कार्यालय ।

**जनप्रतिनिधि...**

सेवा आयोगबाट नियुक्ति गरिएका कतिपय निजामती कर्मचारीहरू पनि भ्रष्टाचारमा परेका उदाहरण सार्वजनिक भइरहेका छन् । सुसंस्कृत समाजले मात्र भ्रष्टाचारलाई नियन्त्रण गर्ने सरकारले बुझ्नुपर्ने हो ।"

उहाँले भन्नुभयो, "उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण, सबैको निम्ति योग्यताअनुसार काम र कामअनुसार ज्यालाको व्यवस्था हुनु जरूरी छ । भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण र ठुला भष्टाचारीहरूलाई मृत्यु दण्डसमेत हुने कानुनी व्यवस्था जरूरी छ", उहाँले भन्नुभयो, "कर्मचारीहरूले हाजीर गरेपछि तलब र पारिश्रमिक पाउने ठान्नु हुँदैन, हाजिर सँगसँगै काम पनि गरेर पुष्टि गर्नुपर्दछ । बिहान १० बजे हाजिर हुने र साँझ ४–५ बजे कार्यालयबाट छुट्टि भएपछि पाएको पारिश्रमिकअनुसार काम भए नभएको तर्फ ध्यान दिनुपर्दछ ।"

भक्तपुरका जनताले भक्तपुरलाई सफा स्वच्छ, सांस्कृतिक नगर र पर्यटकीय गन्तव्य बनाउने लक्ष्य राखेको र यो लक्ष्य पूरा गर्न जनप्रतिनिधिहरूले नीतिकार्यक्रम बनाउने र कर्मचारीहरूले कार्यान्वयन गर्ने कामलाई निरन्तरता दिनु उपयुक्त हुने धारणा राख्दै सचिव सुवालले भन्नुभयो, "नेपाल मजदुर किसान पार्टीका अध्यक्षले धेरै अगाडि नै कर्मचारीहरू एम्बुलेन्स र दमकलजस्तै देश र जनताप्रति जिम्मेवार हुनुपर्ने बताउनुभएको थियो । कर्मचारीहरू चौबीसै घण्टा देश र जनताप्रति जिम्मेवार र जवाफदेही हुनु आवश्यक छ । भदौ २३ र २४ गतेको घटनापछि राष्ट्रिय मानव अधिकार आयोगले सरकारहरू जनताका माग समयमा सम्बोधन गर्न समर्थ नभएको र सम्भावित दुर्घटनाको पूर्वानुमान गर्न नसकेको वक्तव्य प्रकाशित गरेको तर्फ सबैको ध्यान जानुपर्दछ ।"

"२०१९ सालयता नेपाल मजदुर किसान पार्टीका अग्रजहरू जनप्रतिनिधि बनेर भक्तपुर नगरपालिकालाई स्थानीय जनताको उपभोक्ता समिति र श्रमदानसमेतमा विकासका कार्यमा आर्थिक अनुशासन, मितव्ययिता, पारदर्शिता कायम गर्दै अघि बढाउनुभएको हो । भक्तपुर नगरपालिकालाई देशको नमुना नगरपालिका बनाउन जनप्रतिनिधि र कर्मचारीहरूले थप मेहनत गर्ने जनताको अपेक्षा हो", सचिव सुवालले भन्नुभयो ।

"नयाँ पुस्ता हाम्रा भविष्य हुन् । चिकित्सकहरूका अनुसार सहरका विद्यार्थीहरूमा केही मात्रामा कुपोषण देखिएको, शारीरिक गतिविधि र सरसफाइमा कमी भएको सार्वजनिक भएको छ । यसबारे जनप्रतिनिधि र विद्यालयहरूबिच छलफल हुनु उपयुक्त हुनेछ", उहाँले भन्नुभयो ।

कार्यक्रमका सभापति एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले २००६ साल असार २४ गते भक्तपुर म्युनिसिपालिटीको रूपमा स्थापना भएको भक्तपुर नगरपालिका स्थापनाकालदेखि आजसम्म विभिन्न कालखण्डमा नगरपालिकामा जनप्रतिनिधिहरूको रूपमा निर्वाचित भएर सेवा गर्नुभएका, प्रत्यक्ष र अप्रत्यक्ष रूपमा भक्तपुरको विकासमा योगदान गर्नुभएका सम्पूर्णमा हार्दिक कृतज्ञता ज्ञापन गर्नुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले संविधानले दिएको अधिकार क्षेत्रभित्र रहेर विभिन्न ऐन-कानुनहरू निर्माण गर्दै सबै क्षेत्रमा विकास निर्माणलाई अगाडि बढाउँदै आएको उल्लेख गर्नुभयो । उहाँले भनपाले निर्वाचनमा जनताबिच घोषणामार्फत गरेका प्रतिबद्धताहरू पूरा गर्न शिक्षा, स्वास्थ्य, सरसफाइ, सम्पदा संरक्षण, विकास निर्माण, सीपमूलक तालिमहरू दिएर भनपाले जनभावनाअनुसार कार्य गर्दै आएको छ भन्नुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, "नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले २५-२६ वर्षअघि देख्नुभएको सपनाअनुसार भक्तपुर 'एक घर एक स्नातक', पारदर्शी, भ्रष्टाचारमुक्त, स्मारक संरक्षित, कला संस्कृति जोगिएको र आफ्नो छुट्टै पहिचान बोकेको नमुना नगरको रूपमा विकास हुँदै छ ।"

सांस्कृतिक नगर भक्तपुरका मूर्त तथा अमूर्त सम्पदाहरूलाई जीवन्त राख्न भनपाले निरन्तर जोड दिँदै आएको उल्लेख गर्दै उहाँले विदेशीको सहयोगमा होइन आफ्नै पौरखले हाम्रा सम्पदा उठाउनुपर्छ भन्ने भावनाले नगरपालिकाले जनतासँग मिलेर श्रमदान, आर्थिक सहयोग लिएर सम्पदाहरूको पुनर्निर्माण र जीर्णोद्धार गर्दै आएको स्पष्ट पार्नुभयो ।

वाग्मती प्रदेशका प्रदेश सदस्य सुरेन्द्रराज गोसाईले भक्तपुर नगरपालिकाले यहाँका संस्कृतिहरूको संरक्षण र प्रवर्द्धनमा जनतालाई उत्साहित गर्दै आएको बताउँदै नगर निर्माण र दिगो विकासको निम्ति सङ्गठित शक्ति र सही विचार आवश्यक भएको बताउनुभयो ।

उहाँले प्रजग कोरियाले छोटो समयमा संसारलाई आश्चर्यचकित हुने ढङ्गले विकास गरेको चर्चा गर्दै प्रजग कोरियाको प्योङयाङ सहर भक्तपुरजस्तै कला, कृति र कलाकारहरूको सहर भएको बताउनुभयो ।

भक्तपुरका पुराना कला र संस्कृतिलाई विज्ञान, प्रविधि र आधुनिकतासँग जोडेर लान सके नयाँ युगको सेवा हुने उल्लेख गर्दै उहाँले जनताको सांस्कृतिक र नागरिक भावना जोगाउनु आवश्यक छ भन्नुभयो ।

उहाँले भक्तपुरको नेवार सभ्यता केवल सांस्कृतिक समुदायमा सीमित नरहेको बताउँदै यहाँका जनता राजनीतिक रूपमा सचेत र सङ्गठित भएकै कारण यसको छुट्टै पहिचान कायम भएको हो भन्नुभयो ।

भक्तपुरका पुस्तकालयहरू स्तरोन्नतिसँगै यहाँका नागरिकहरूको बौद्धिक र सांस्कृतिक स्तर पनि माथि उठ्दै जाने विश्वास व्यक्त गर्दै उहाँले भक्तपुर देशकै लागि रोल मोडलको रूपमा अगाडि बढिरहेको छ भन्नुभयो ।

भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाका विविध गतिविधि र कार्यक्रमले गर्दा देशकै उदाहरणीय नगरको रूपमा स्थापित हुन सफल भएको चर्चा गर्दै भक्तपुरका मूर्त तथा अमूर्त सम्पदा संरक्षण गरी पर्यटन उद्योगसँग जोडी विभिन्न कार्यक्रमहरू अगाडि बढाउँदै आएको बताउनुभयो ।

भक्तपुरका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले भक्तपुरको संस्कृति संरक्षण र प्रवर्द्धनमा नगरपालिकाकाले खेल्दै आएको भूमिका प्रशंसनीय छ भन्दै यस्ता गतिविधिलाई निरन्तरता दिँदै जानुपर्ने बताउनुभयो ।

नेपाल कर्मचारी एसोसिएसन एकाइ समिति भक्तपुरका अध्यक्ष गौतमप्रसाद लासिवाले भक्तपुर नगरपालिकामा जनप्रतिनिधि र कर्मचारीहरूको समन्वय र समभावमा काम गरेकै कारण देशको उदाहरणीय बन्न सफल भएको बताउँदै सरकारले स्थानीय तहका कर्मचारीहरूलाई दोस्रो दर्जाको कर्मचारीहरूको रूपमा हेर्न नहुने बताउनुभयो ।

कार्यक्रममा प्रमुख अतिथि प्रेम सुवालले योमारी प्रतियोगिताका सहभागीहरूलाई प्रमाण पत्र र विजयीहरूलाई पुरस्कार तथा मायाको चिनो वितरण गर्नुभएको थियो । प्रमुख प्रजापतिले निर्णायकहरूलाई धन्यवाद पत्र र मायाको चिनो वितरण, प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले योमारी उत्सवमा सहभागी सांस्कृतिक समूहहरूलाई धन्यवाद पत्र र मायाको चिनो तथा उपप्रमुख जोशीले सहयोगी सङ्घ-संस्थाहरूलाई धन्यवाद पत्र र मायाको चिनो वितरण गर्नुभयो ।

भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवां र ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो । भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले धन्यवादज्ञापन गर्नुभयो ।

उक्त कार्यक्रममा योमारी निर्माण र प्रतियोगितासम्बन्धी लघु वृत्तचित्र प्रदर्शनी गरिएको थियो ।

भक्तपुर नगरपालिकाको आयोजनामा भएको योमरी प्रतियोगितामा ६२ वटा समूहले सहभागिता जनाएका थिए । उक्त प्रतियोगितामा भनपा वडा नं. ८ को छिकोङ समूह प्रथम, भनपा वडा नं. ९ को विश्वकर्मा भैल प्याखँ खल: तौलाछेँ दोस्रो, भनपा ८ को ख्वप्रिङ एकेडेमी तेस्रो, भनपा ६ को भादगाउँ दिदी बहिनी समूह र भनपा ४ को सुरक्षित बचत तथा ऋण सहकारी संस्था लि. ले सान्त्वना स्थान हासिल गरेको थियो ।

हार्दिक समवेदना

जन्म
१९९३/०५/२३




निधन
२०८२/०८/२३

नारायणभक्त अवाल

यस टीमका सहयोगी, शुभचिन्तक र समाजसेवी लक्ष्मण अवालका पूजनीय पिता **नारायणभक्त अवाल**को दु:खद निधन भएको आज १० औं दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

भक्तपुर युवा टीम
गोल्मढी-७, भक्तपुर

हार्दिक समवेदना




लक्ष्मीभक्त चवाल

जन्म: २०१०/०३/२४ निधन: २०८२/०८/२२

यस समितिका सल्लाहकार **लक्ष्मीभक्त चवाल**को दु:खद निधन भएकोमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

भैरवनाथ जात्रा सहयोग समिति
लैको, लाकोलाछें, भक्तपुर

हार्दिक समवेदना



लक्ष्मीभक्त चवाल

जन्म: २०१०/०३/२४ निधन: २०८२/०८/२२

यस संस्थामा स्थापनाकालदेखि सल्लाहकार पदमा रही संस्था विकासमा महत्वपूर्ण योगदान गर्नुहुने सल्लाहकार **लक्ष्मीभक्त चवाल**को असामयिक निधन भएकोमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं।

संगम बचत तथा ऋण सहकारी संस्था लि.
ख:लाँ, भक्तपुर-४

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा